मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## अर्थमन्त्रीसँग अन्तरक्रिया

मधेशदृष्टि दैनिकले मधेश प्रदेश सरकारका अर्थमन्त्री भरत प्रसाद साहसँग शुक्रबार वीरगंजमा अन्तरक्रिया गर्ने भएको छ । मधेश प्रदेश सरकारको बजेट र मधेश प्रदेशको विकास तथा योजनासँगै उद्योग, व्यापारसँगै आर्थिक समृद्धिका खोजीका लागि अन्तरक्रिया गर्न लागिएको मधेशदृष्टि दैनिकका कार्यकारी अध्यक्ष ध्रुव साहले बताए । कार्यक्रम शुक्रबार दिउँसो ३:३० बजे होटल मकालुमा हुनेछ । कार्यक्रममा बारा, पर्सा, रौतहटका उद्योगी, व्यापारीका अलावा नागरिक समाजको सहभागिता रहनेछ ।

● वर्ष २ ● अंक २१२ ● २०८१ साल असार ०७ गते शुक्रबार ● Friday 21, June 2024 ● सूर्योदय: बिहान ५:१२ बजे ● सूर्यास्त: साँझ ७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मन्त्रीले नबोलेरै काम गरेको भए हुन्थ्यो



**शीतल शाह, अध्यक्ष**
बृहत्तर जनकपुर विकास समिति

**मधेशदृष्टिः कहाँ कहाँको जग्गा अतिक्रमण भएको हो ?**
साहः धनुषा र महोत्तरीका गुठी र सरकारी जग्गा अतिक्रमणमा परेको हो ।

**मधेशदृष्टिः खासगरी कस्ता जग्गा हडपिइएको हो ?**
साहः कुटिको जग्गाहरु अतिक्रमणमा परेका हुन् ।

**मधेशदृष्टिः तर यो त नयाँ विषय होइन नि ?**
साहः हो, २०२६, २०४४–४६, सालमा दुई पटकको नापी केलाउँदा सबै जग्गा कसको थियो र कसले लगे भन्ने थाहा हुने विषय हो ।

**मधेशदृष्टिः जग्गा मात्रै हो कि अरु पनि बदमासी छन् ?**
साहः अहिलेसम्म एउटा पनि मठमन्दिरको भेटी व्यवस्थापन भएको पाइएको छैन । हरेक गुठीमा सैयौँ बिघा जग्गा छन्, आयस्ता मात्रै खाएनन्, पछि त गुठीको जग्गा बेचेर खान थाले ।

**मधेशदृष्टिः कसरी भयो नामसारी र भोगचलन ?**
साहः एजेन्ट, बाउन्सरहरु प्रयोग भए । मठका महन्थहरु प्रयोग भए । कतै महन्थले नेता पालेर बदमासी गरे, कतै नेताले महन्थ पालेर बदमासी गरे ।

**मधेशदृष्टिः आयोग नै बनेको थियो छानबिनका लागि, होइन र ?**
साहः हो, २०६२ सालमा उच्चस्तरीय आयोग गठन भयो । नेपाल सरकारबाट अध्यक्ष भोजराज घिमिरे चयन भए । २०६३ मा प्रतिवेदन सार्वजनिक पनि भयो, कुन पोखरी, कति जग्गा, कति सिट नम्बर सबै प्रतिवेदनमा खुलेको छ ।

**मधेशदृष्टिः तर कारबाही किन भएन त ? को बाधक भए ?**
साहः प्रतिवेदनमा बदमास भनिएकाहरुलाई अहिलेसम्म कारबाही भएन । त्यतिमात्रै होइन, नेपाली कांग्रेसले त बृहत्तर जनकपुर विकास समिति खारेज गर्ने प्रस्तावसमेत गरेको थियो । तत्कालीन अर्थमन्त्री रामशरण महतका पालामा बृहत्तर जनकपुर खारेजको प्रस्ताव जाँदा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले रोकेका हुन् । समिति खारेज गर्न पाए कारबाहीबाट बचिन्छ भन्ने परेको हो नेताहरुलाई ।

**मधेशदृष्टिः गुठीका जग्गामा पुजारी, महन्थ पनि लोभिएका हुन् त बेचबिखन गर्न ?**
साहः सबै लोभमा परे । कोही नेताबाट परिचालित भएर यस्तो गर्न थाले । कोही महन्थ चैँ नेताहरु नै परिचालित गर्ने हैसियतमा देखिए । छाक टार्ने काम मन्दिरबाट भइरहेकै थियो । पछि जग्गा नै बेचिखान थाले । जनकपुरको विकास हुन नसक्नुमा जग्गाको 'तेलाबेला' प्रमुख हो ।

**मधेशदृष्टिः यसपटक गृहमन्त्रीले छानबिन गर्छु भनेका छन्, होला त ?**
साहः सायद छिट्टै छानबिन समिति बन्दैछ । मन्त्रीले चाहेर पनि कर्मचारीले काम गरिदिएनन् भने झमेला हुनसक्छ । सयदिनको उपलब्धीमा पनि नबोलेको भए हुने कुरा मन्त्रीले बोलेपछि झमेला शुरु गर्न केही लागिसकेका छन् ।

**मधेशदृष्टिः सर्वदलीय बैठकले नै छानबिन गरौँ भनेको छ होइन र ?**
साहः हो, सबै दलहरु मिलेर छानबिन गरौँ भनेका छन् । तर छानबिन हुँदा सबै पार्टीका नेताहरुको संलग्नता देखिन्छ । कोही धेरै होलान्, कोही थोरै । नेताहरु मुछिने भएकाले छानबिनमा समस्या ल्याइन सक्छ ।

**मधेशदृष्टिः तपाईं अध्यक्ष भएर पनि केही गर्न सक्नुभएन, असुरक्षा भयो भनिरहनु भएको छ ?**
साहः हो, मलाई पनि सुरक्षा थ्रेट छ । कैयौँपटक घरमै आक्रमण भइसकेको छ । कार्यालयमा कर्मचारी उचालेर कार्यालय बाहिर बसेर काम गर्नु परेको छ । धाकधम्की दिनेहरुकै बोलवाला छ । तर काममा डटेर लागेको छु ।

# ९,८४३ बिघा जग्गा गोलमाल

# 'एक्सन' लिने 'मुटु' छ त गृहमन्त्रीसँग

*यसपटक उपप्रधानमन्त्री एवम् रवि लामिछानेको 'मधेश एक्सन' र उनले भन्ने गरेको 'बिग अपरेसन'ले नेपाली कांग्रेससहित अन्य दलका संलग्न नेताहरु कारबाहीका दायरामा आउलान् या आफ्नै 'मुटु' कमजोर पारेर फेरि जिबी राई, सहकारी ठगी, निर्मला पन्त हत्यारा, विदेशीलाई स्वदेश फर्काएर श्रममा लगाउने कुरामात्रै जस्ता पुरानै आरोपमा 'जनकपुरको जग्गामा पनि रित्तो हात' भन्ने अर्को एउटा विशेषण थप्छन्, प्रतीक्षाको विषय बनेको छ ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आफ्नो १०० दिने कार्यकालका उपलब्धी सुनाउनेक्रममा नेपाल सरकारका उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले जेठ ३२ गते एउटा उद्घोष गरे, 'बृहत्तर जनकपुर क्षेत्रको झण्डै १० हजार बिघा जग्गा अतिक्रमणमाथि 'अपरेसन' गर्नेछु ।' उनले त्यसो भनेपछि जनकपुरमा २०२६ सालदेखि २०४६ सालसम्मा जग्गा गोलमाल गरेर भूमिपति बनेकाहरुको निदहराम भएको छ । बिगतमा आयोग बनेर कसले कति जग्गा हडपे भन्ने प्रतिवेदन १८ वर्षअघि २०६३ सालमा सार्वजनिक हुँदासमेत कारबाहीमा नपरेर हाइसन्चोमा बस्दै जग्गा किनबेच, साटफेर र सन्तान दरसन्तानलाई हस्तान्तरण, जनकपुर छाडेर हेटौँडा, वीरगंज, पोखरा, काठमाडौँ र देशै छाडेर रमाइरहेकाहरु एकाएक जग्गा प्रकरणमा 'रविले एक्सन लिन्छन् कि' भन्ने भयले छट्पटाउन थालेका छन् । यद्यपि रविले यसो भनेको पनि आज चैँ आठौँ दिन हो । उनको 'बिग अपरेसन'को संकेत पाइएको छैन ।

अतिक्रमणकारीहरु चैँ नछट्पटाउन किन ? रवि लामिछानेकै पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनिष झाले पनि जनकपुरमा गुठीको जग्गा अतिक्रमणमा विषयमा प्रतिनिधि सभाको बैठकमा बोलेनन् मात्र । उनले भने, 'जनकपुरका सबै गुठीको जग्गा स्थानीय प्रशासन, पत्रकार, त्यहाँका मतियार र ठेकेदार सबै मिलेर लुट गर्दैछन् ।' जेठ ३२ गते उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले अतिक्रमणबारे अनुसन्धान भइरहेको र 'बिग अपरेसन' लिने तयारी गरेको बताइरँदा संसदमै उनकै पार्टीले रुलिङ गरेपछि सबैभन्दा ठूलो पार्टी नेपाली कांग्रेसलगायतका अन्य पार्टीका नेताहरुको एकाएक ज्वरो बढेको छ ।

२०२६ देखि २०७६ सालसम्ममा जनकपुरका २५ गुठीका ९ हजार ८ सय ४३ बिघा १२ कठ्ठा जग्गा अतिक्रमणमा परेको भूमि व्यवस्था मन्त्रालयको आन्तरिक अध्ययनले देखाएको हो । यो विषय उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको नजरमा परेपछि अनुसन्धान अगाडि बढेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले समिति बनाएर अध्ययन गर्दा २०७६ सालमै समितिले प्रतिवेदन पनि तयार पारेको थियो । प्रतिवेदनमा जनकपुरका २५ गुठीका ९ हजार ८ सय ४३ बिघा १२ कठ्ठा जग्गा अतिक्रमण भएको पाइएको हो । गृह मन्त्रालयले अनुसन्धान अगाडि बाउन खोजेको यो विषयले जनकपुर मात्र तातेको छैन, गुठी प्रकरणमा जोडिएका नेताहरुलाई पनि यसले सताउन थालेको छ ।

भोजराज घिमिरेको नेतृत्वमा बनेको आयोगले २०६३ मै प्रतिवेदन सार्वजनिक गर्दा कारबाहीबाट जोगिएको अवस्थामा भूमि व्यवस्था मन्त्रालयकै अर्को प्रतिवेदनले पनि गुठीको जग्गा अतिक्रमणबारे मसिनोसँग छिमलेपछि गृहमन्त्री लामिछाने यसलाई आफ्नो 'महत्वाकांक्षी योजना' बनाएर प्रस्तुत हुने तयारीमा छन् । उनले भनेको 'बिग अपरेसन' सफल होला या नहोला ? उनैले भन्ने गरेको कारबाही र काम गर्न 'मुटु' हुन पर्यो भन्ने थेगोजस्तै जनकपुरका जग्गा अतिक्रमणकारीलाई कारबाहीको दायरामा ल्याउने 'मुटु' लामिछानेसँग छ कि छैन, परीक्षण शुरु भएको छ ।

### परियोजनाको ठेक्कामा मात्रै मुद्दा

गुठी संस्थान ऐन २०२९ बमोजिम १ हजार ५ सय बिघा जग्गामा मोही नलाग्ने भनी छुट्याएकामा सर्भे नापी भई मोही महलमा मोही जनिएको र कटाउन भूमिसुधार तथा मालपोतले बेवास्ता गरेको पाइएको छ । अध्ययनमा गुठी जग्गामा अतिक्रमण गरी बसोबास गर्ने व्यक्तिका घरमा बिजुली, खानेपानी, टेलिफोन जडान नगर्न, घरधुरी कायम नगर्ने र सरकारी सुविधा प्रदान नगरिदिन स्थानीय सबै तहमा निर्देशन जारी गर्न सुझाव दिइए पनि राजनीतिक दलको पहुँचका आधारमा यस्तो सेवा रोकिएको छैन । उसो त बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का पूर्वपदाधिकारीहरू भ्रष्टाचार मुद्दामा पनि परेका छन् । २०७६ चैत २१ मा विशेष अदालतले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का पूर्वअध्यक्ष दिगम्बर राय, कार्यकारी निर्देशक सूर्यदेव साह र राजेशकुमार साह, नायब सुब्बा उषा मिश्र र लेखापाल उत्तमराज शर्मा ढकाललाई भ्रष्टाचारी ठहर गरेको थियो । भारत सरकारको सहयोगमा आठवटा परियोजना ठेक्का लागेकामा पाँचवटा परियोजनामा अनियमितता भएको ठहर गरेको थियो । विभिन्न परियोजना ठेक्का लगाउने क्रममा अनियमितता भएको पाइएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १० जनालाई विपक्षी बनाएर २०७५ कात्तिक १५ गते मुद्दा दायर गरेको थियो । १० मध्ये पाँचजनालाई विशेष अदालतले सफाइ दिएको थियो भने पाँचजनालाई दोषी ठहर गरेको हो ।

### किन रोकियो सरकारी एक्सन ?

जग्गा अतिक्रमणकै विषयमा आयोग र मन्त्रालयको आन्तरिक प्रतिवेदन आउँदा पनि सरकार 'एक्सन'मा उत्रिन सकेको थिएन । विभिन्न कालखण्डको सरकारले यसलाई चलाउँदा सत्ता ढल्न सक्ने भन्दै भयभित भएर जनकपुरमा अतिक्रमणमा भाग नपरेकालाई पनि जग्गा दिँदै जाने तर यो नदेखेजस्तो गर्ने परिपाटी बनाएका थिए । तर उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले बिग अपरेसनको कुरा गरेपछि यसले जनकपुर मात्र तरंगित भएको छैन राजनीतिक दलहरुभित्र पनि यसले कठोर प्रहार गरेको छ । दलका नेताहरुको दौडधूप बढिरहेको छ ।



### छानबिन समितिको तयारी

जनकपुरका जग्गा अतिक्रमणका विषयमा गृहमन्त्रालयले औपचारिकरुपमा अधिकारसम्पन्न छानबिन समिति बनाउने तयारी गरेको बुझिएको छ । जग्गा अतिक्रमणको दुई प्रतिवेदन र विस्तृतरुपमा अध्ययन भइसकेकाले अब छानबिन समितिले सिधै जग्गा अतिक्रमणकारीलाई कारबाहीको दायरामा ल्याउन सक्ने गरी समिति बनाएर गृहमन्त्री एक्सन लिने तयारीमा छन् । दुःखको कुरा के छ भने हजारौँ बिघा जमिन अतिक्रमणमा कांग्रेस र कम्युनिष्ट पार्टीका ठूलै नेताहरु संलग्न छन् । महन्थ र पुजारीहरु पनि छन् । केही घराना पनि यसमा जोडिने छन् । केही दिनअघि धनुषाकै नागरिकता प्रकरणमा गृहमन्त्री लामिछानेले प्रहरी संगठन परिचालन गरेर कान्तिपुरका मालिक कैलाश सिरोहियालाई चलाउँदा सामान्य तारिखमा छाड्नु परेको थियो । यसपटक उनको 'मधेश एक्सन' र उनले भन्ने गरेको 'बिग अपरेसन'ले नेपाली कांग्रेससहितका नेताहरु कारबाहीका दायरामा आउलान् या आफ्नै 'मुटु' कमजोर पारेर फेरि जिबी राई, सहकारी ठगी, निर्मला पन्त हत्यारा फरार, विदेशीलाई स्वदेश फर्काएर श्रममा लगाउने कुरामात्रै जस्ता पुरानै आरोपहरुमा 'जनकपुरको जग्गामा पनि रित्तो हात' भन्ने अर्को एउटा विशेषण थप्छन्, प्रतीक्षाको विषय बनेको छ ।

| गुठी | अतिक्रमित जग्गा (बिघामा) |
|---|---|
| लक्ष्मीनारायण मठ | ४०४७-९-१३-१० |
| राम मन्दिर | २८६७-२-१५ |
| जानकी मन्दिर | ५९८-१०-४ |
| लक्ष्मण मन्दिर | २०९-१-१६ |
| बराह कुटी | ७-० |
| सुगामधुकरही स्थान | ५५-० |
| इटहर्वा स्थान मठ | ३६१-११-१० |
| तरही स्थान मठ | २३६-९-१२ |
| कपिलेश्वर स्थान | ८-१०-० |
| भ्कोभ्कीकर्टया मठ | ५-०-० |
| कुपेश्वरनाथ मठ | ४८४-१९-९ |
| कुरौडा भगवती | ३-०-० |
| हनुमान नगर गुठी | १४२-१५-० |
| सीता कुण्ड | ९-० |
| रानीपाटी तोतारी | ५-०-० |
| धनौज मठ | ९४-०-० |
| रत्नसागर मठ | ६५-१५-१५ |
| वेरही कुटी | कुटी मात्रै |
| गिरीनारी कुटी | २-०-० |
| विरख कुटी | ६-०-० |
| बेला कुटी | १५-०-० |
| सुब्बा कुटी | २३६-१२-१४ |
| जनक मन्दिर | ०-१-१७-२ |
| राधाकृष्ण वीरपुर | ५-०-० |
| भोयल मठ | ३७८-१३-१४ |
| जम्मा | ९८४३-१२-२-१० |

### गृहमन्त्रीलाई अर्को मुद्दा

सहकारी ठगी प्रकरणमा गृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध प्रहरीमा अर्को जाहेरी दर्ता भएको छ । काठमाडौँको कालिमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको बचत हिनामिना गरेको आरोपमा उनीविरुद्ध जिल्ला प्रहरी परिसर टेकुमा जाहेरी दर्ता भएको हो । सिन्धुलीका युवराज सफलले हुलाकमार्फत पठाएको किटानी जाहेरी प्रहरीले दर्ता गरेको छ । प्रहरीले जाहेरी दर्ता गर्न नमानेपछि हुलाकमार्फत पठाइएको युवराजले बताए । गोरखा मिडियाका अध्यक्ष जिबी राई र तत्कालीन समयमा संस्थाका प्रबन्ध निर्देशक लामिछानेलाई कसूरदार किटान गरिएको जाहेरीमा संगठित अपराध र ठगीमा अनुसन्धान गर्न माग गरिएको छ । जिबी र रविले सहकारी ठग्ने आपराधिक सोच राखेर गैरकानुनी तरिकाले सर्वसाधारणको बचत रकम हिनामिना हुने गरी सहकारी डुबाएकाले संगठित अपराधअन्तर्गतको कसूर ठहर हुने युवराजको जिकिर छ । कसूरमा सहकारी ऐन दफा १२२ को उपदफा (ख), संगठित अपराध निवारण ऐन २०७० र मुलुकी अपराध संहिता २०७४ को दफा २४९ आकर्षित हुने भएकाले निजहरुलाई तत्काल पक्राउ गरी हदैसम्मको कैद सजाय हुन तथा पीडितको रकम फिर्ता गराउन जाहेरीमा माग गरिएको छ । स्वर्णलक्ष्मी सहकारीबाट जिबी र रविले 'सवारी कर्जा' शीर्षकमा दुई पटक रकम लिएका थिए । २०७८ वैशाख ९ गते गोर्खा मिडिया नेटवर्क प्रालिका नाममा चारपांग्रे सवारी खरिदका लागि ४६ लाख ४८ हजार रूपैयाँ कर्जा लिएका उनीहरूले २०७८ साउन ५ गते पुनः सोही नाममा ४६ लाख ९८ हजार रूपैयाँ लिएको भौचर सार्वजनिक भएको छ । यसअघि पोखराको सूर्यदर्शन सहकारी ठगीमा पनि गृहमन्त्री लामिछानेविरुद्ध प्रहरीमा जाहेरी छ । जिल्ला प्रहरी कार्यालय कास्कीमा दर्ता भएको पूरक जाहेरीमा उनको नाम पहिलो नम्बरमा छ ।

### आज रविको पेशी

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच बिहीबार उपप्रधानमन्त्री रवि लामिछाने साक्षी राखेर भेटवार्ता भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा भेटवार्ता भएको हो । सहकारी काण्ड र रविको त्यसमा संलग्नतासम्बन्धी मुद्दामा आज शुक्रबार सर्वोच्चमा पेशी छ । बुधबारको पेशी अवरुद्ध हुनमा केपी ओली प्रधानमन्त्री हुँदाका महान्यायाधिवक्ता रमेश बडालको हात थियो । आज उनको मुद्दामा अदालतको कस्तो प्रतिक्रिया आउने हो, प्रतीक्षाको विषय बनेको छ । लगातार एक पछि अर्को मुद्दा र जाहेरीमा रवि लामिछाने जोडिने क्रम बढेपछि प्रधानमन्त्री दाहाल र नेकपा एमाले अध्यक्ष ओली पनि लामिछाने जोगाउने भगरिथ प्रयासमा थाकेका छैनन् ।

# लागुऔषध कोकिनसहित चार विदेशी पक्राउ




**काठमाडौँ ।**
चार किलो पाँच सय चार ग्राम लागुऔषध कोकिनसहित चार विदेशी नागरिक पक्राउ परेका छन् । उनीहरुलाई केही दिनको अन्तरमा लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरले पक्राउ गरेको हो । तान्जानियन नागरिक ६८ वर्षीय डोनाल्ड ज्याक्सन, बोलिभियन नागरिक ३३ वर्षीया लवरा क्रज टिकोना, भेनेजुलियन नागरिक ३९ वर्षीय सिमोन एन्टेनियो र भारतीय नागरिक २७ वर्षीया लालरुत सेंगी पक्राउ परेको ब्यूरोले जानकारी दिएको छ ।
ब्यूरोका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक दिनेशकुमार आचार्यका अनुसार काठमाडौँ महानगरपालिका–१६ ठमेलस्थित होटलबाट डोनाल्डलाई एक किलो दुई सय छ ग्राम कोकिनसहित जेठ २७ गते पक्राउ गरिएको थियो । फ्लाई दुबईको उडानद्वारा नेपाल आएका उनलाई १८ वटा क्याप्सुल कोकिनसहित पक्राउ गरिएको हो । अनुसन्धानका क्रममा उनले कोकिनका क्याप्सुलहरू निलेर काठमाडौँ आएको खुले पश्चात नेपाल प्रहरी अस्पताल महाराजगञ्ज लगिएकोमा थप ५९ क्याप्सुल निकालिएको उहाँले जानकारी दिनुभयो । डोनाल्डबाट जम्मा ७७ वटा क्याप्सुल (एक किलो दुई सय छ ग्राम) कोकिन बरामद गरिएको हो । हाल उनको नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा उपचार भइरहेको छ । यसैगरी ब्राजिल हुँदै काठमाडौँ आएकी लवरा क्रज टिकोनालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट महिलाले प्रयोग गर्ने एक सय २१ वटा फेन्सी लुगामा भएका बटनभित्र लुकाइ राखिएको दुई किलो सय ग्राम कोकिनसहित जेठ ३० गते पक्राउ गरिएको आचार्यले जानकारी दिए । कतारएअरको उडानद्वारा नेपाल आएका सिमोनलाई काठमाडौँ महानगरपालिका–२६ स्थित होटलबाट ९२ वटा क्यासुलबाट एक किलो एक सय ९८ ग्राम कोकिनसहित असार ४ गते प्रहरीले पक्राउ गरेको हो । अनुसन्धानका क्रममा उनले उक्त क्याप्सुलहरू ब्राजिलको सापाउलोबाट निलेर पेटभित्र ल्याएको खुल्न आएको छ । साथै उक्त कोकिनका क्याप्सुलहरू 'डेलिभरी' गर्ने क्रममा भारतका लालरुत सेंगीलाईसमेत सोही स्थानबाट पक्राउ गरिएको आज ब्यूरोले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । सेंगीले उक्त कोकिनका क्याप्सुलहरू भारतको नयाँ दिल्लीसम्म लैजान लागेको अनुसन्धानबाट खुल्न आएको छ । पक्राउ परेकाहरुमाथि लागूऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम कारबाही अघि बढाइएको लागुऔषध नियन्त्रण व्यूरो कोटेश्वरले जानकारी दिएको छ । रासस

# आईटी आर्मीद्धारा वैदेशिक रोजगार विभागलाई ज्ञापनपत्र

**मधेशद्दष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा) निकटको आईटी आर्मीले वैदेशिक रोजगार क्षेत्रका पीडितहरुलाई न्याय दिलाउन काठमाडौंको ताहाचल स्थित वैदेशिक रोजगार विभाग घेराउ गर्दै ज्ञापन पत्र बुझाएको छ । आईटी आर्मीका अध्यक्ष चन्द्रभुषण साहको नेतृत्वमा विभिन्न मागहरु गर्दै वैदेशिक रोजगार विभाग अगाडि धर्ना तथा घेराउ गरिएको हो । वैदेशिक रोजगारीमा जाने कामदारसँग लिएको अबैध रकम फिर्ता गराउन तथा यस क्षेत्रका समस्याहरु समाधान गर्नुपर्ने माग गर्दै विभागका महानिर्देशक डण्डुराज घिमिरे मार्फत नेपाल सरकारलाई पुनः स्मरण (तागेदा) सहितको ज्ञापन पत्र बुझाएको हो ।



आईटी आर्मीका अध्यक्ष साहले विदेश जाने कामदारसँग अवैध ढंगले लिएको रकम फिर्ता गर्नुपर्ने, ठग मेनपावर र ऐजेंटलाई कारवाही गर्नुपर्ने, बेरोजगार युवाहरुलाई नेपालमै रोजगारी दिनुपर्ने, वैदेशिक रोजगार पीडितहरूलाई न्याय दिनुपर्ने, विदेशमा अल्पत्र परेकाहरुको उद्धार गर्नुपर्ने, असुरक्षित रोजगारीमा पठाउने अधिकारीलाई कारवाई गर्नुपर्ने, फ्री भिसा, फ्री टिकट व्यवहारत लागू गर्नुपर्ने, निजी मेनपावरहरु खारेज गरी विदेशमा कामदार पठाउने जिम्मा राज्यले लिनुपर्ने माग राखेको छ । त्यस्तै देशका भ्रष्ट शासक प्रशासक र लुटेरे दलाल व्यापारीहरुको अबैध पैसालाई कामदारको रगत पसिनाले साटिएको रेमिटेन्सको रकमसँग हुण्डीमार्फत सट्टापट्टा गरी विदेशमा कालोधन थोपार्ने स्थितिको अन्त्य गर्नुपर्नेलगायतका माग सरकारले सम्बोधन नगरेकाले आन्दोलन गर्नुपरेको जनाएको छ ।
यसअघि वि.सं. २०८० साल भाद्र १३ गते आईटी आर्मीले ११ बुँदे माग सहित प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापन पत्र समेत बुझाएको थियो । अध्यक्ष साहले भने, 'लाखौं लाख युवासँग खर्बौं रकम ठगी भइरहेको छ । ५, १० हजारको नाममा २ लाख, ५ लाख, १० लाख रुपैयाँ गरी लाखौंलाख अवैध असुली भइरहेको छ । विगत लामो समयदेखि भइरहेको असुलीलाई हामी रोक्न चाहन्छौं । असुली भएको रकम फिर्ता गराउन चाहन्छौं ।' उनले संविधानको धारा ३३ मा रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरिएपनि अहिलेको भगौडा दलाल वर्गको यो लुटकारी शासन सत्ताले युवाहरुलाई रोजगारीको अवसर दिन नसकेको तर देशभित्रको उद्योगहरुमा विदेशी कामदारहरुले अवसर पाइरहेको बताए । साथै, उनले युवाहरुले विदेशमा दुःख गरेर कमाएको रकम अवैध रुपमा हुण्डीमार्फत दुरुपयोग भइरहेको पनि बताए । नेपालका नेता, प्रशासक र अवैध व्यापारीहरुले हुण्डीमार्फत पैसा ल्याएर आफ्नो कालोधन विदेशमा थुपार्ने काम गरिरहेको उनको आरोप छ । नेताहरु विना लगानी मेनपावरको शेयर होल्डर बनिरहेको पनि उनले बताए । यस्ता प्रकारका दुष्चक्र अन्त्य हुनुपर्ने आईटी आर्मीको माग रहेको आईटी आर्मीका केन्द्रिय सदस्य रामशरण यादवले बताए । 'हाम्रा युवाहरुलाई आज मरुभूमिमा मर्न बाध्य बनाइएको छ । ती युवाहरुको खुनपसिनाले आर्जित रेमिट्यान्सलाई नेपालका भ्रष्ट नेताहरु, यहाँका प्रसाशकहरु र अवैध व्यापारीहरुले आफ्नो कालो धनलाई सट्टापट्टाको अस्त्रको रुपमा प्रयोग गरिरहेको सन्दर्भ छ' उनले भने । असुरक्षित श्रम स्वीकृतिका कारण विदेशमा ज्यान गुमाउने युवाहरुको मृत्यूलाई उनले 'राज्यद्वारा गरिएको हत्या' का रुपमा परिभाषित गरे । उनले यसको जिम्मेवारी सरकारले लिनुपर्ने बताए ।


# बालविवाह

सामाजिक कुरीतिमात्रै नभई
जघन्य अपराध हो ।



"२० वर्ष नपुगी विवाह गर्नु गराउनु गैरकानुनी हो ।
बालविवाह कानूनी र सामाजिक दुबै अपराध हो ।
यस्तो विवाह गर्ने तथा गराउने दुबैलाई कानून बमोजिम सजाय हुन्छ ।"

- कानूनद्वारा तोकिएको उमेर भन्दा कम उमेरमा गरिएको विवाह बालविवाह हो ।
- नेपालको कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले पनि कसैको विवाह गर्नु गराउनु हुँदैन । (मुलुकी अपराध संहिता २०७४)



**बालविवाह किन गर्नु गराउनु हुँदैन ?**
- बालअधिकारको हनन् हुन्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैलाई गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैको मृत्यु हुन सक्छ,
- बालिकाहरूमा फिस्टुला, पाठेघर खस्ने लगायतका गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- शिक्षा, रोजगारी लगायत विभिन्न अवसरहरुबाट वञ्चित हुन सक्छ,
- पारिवारिक, आर्थिक, सामाजिक परनिर्भरता बढ्ने हुन्छ,
- परिवार तथा समाजमा असमान शक्ति सम्बन्ध हुन सक्छ,
- घरेलु हिंसा र दुर्व्यवहारको जोखिम बढ्न सक्छ,
- मनोसामाजिक समस्याको उच्च जोखिम हुन सक्छ ।

**बालविवाह विरुद्धको उजुरी गर्ने प्रक्रिया र निकाय के र कँहा हो ?**
- आफुसँग भएसम्मको प्रमाण पुग्ने कागजात वा सूचना सहित नजिकको प्रहरी कार्यालयमा गई कानूनले तोके अनुसार उजुरी दरखास्त दिने,
- आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई बालविवाहको विरुद्धमा उजुरी वा जानकारी लिखित रुपमा वा मौखिक सूचना वा इमेल वा एसएमएस मार्फत नजिकको प्रहरी कार्यालयमा दिने,

**बालविवाह विरुद्धको उजुरी प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा के गर्ने ?**
- बालविवाह विरुद्धको उजुरी/जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेमा उक्त प्रहरी कार्यालयको माथिल्लो प्रहरी कार्यालय वा जिल्ला सरकारी वकिल कार्यालयमा उजुर गर्न सक्नेछ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५)
- प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय वा प्रहरीको माथिल्लो तहको प्रहरी कार्यालयले उजुरी लिन नमानेमा उजुरीको सबै व्यहोरा खुलाएर प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन पेस गर्न सकिन्छ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५(उपदफा ४)) ।

**बालविवाह विरुद्ध उजुरी गर्ने हद म्याद कहिले सम्म हुन्छ ?**
- बालविवाह सम्बन्धी कसूरको उजुरी कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र गर्नु पर्दछ । (मुलुकी अपराध ( संहिता) ऐन, २०७४, परिच्छेद-७, दफा १७६)
- बालविवाह हुन लागेको देखेमा वा थाहा पाएमा तुरुन्त प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ ।
- बालविवाहसँग सम्बन्धित सामाजिक कार्य जस्तैः जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र अरुलाई पनि सहभागी नहुन प्रोत्साहन गर्ने ।
- घरपरिवार, समुदाय, समाजमा सहमति विपरित वा उमेर नपुगी विवाहको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय तहलाई यस किसिमका अपराध रोकथामका लागि जिम्मेवार र जवाफदेही बनाउन पैरवीमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह तथा सहमति विपरितको विवाह रोकथामका लागि नेपाल प्रहरी लगायत सम्बन्धित निकायहरुमा खवर गर्ने ।

**बालविवाह गरे वा गराएमा के असर हुन्छ ?**
- विवाह गर्ने उमेर नपुगी विवाह गर्दा बालबालिकामा विभिन्न किसिमका शारीरिक तथा मानसिक असर पर्छ ।

"बालविवाहको विरुद्धमा बोल्नु र त्यसको प्रतिकार गर्नु भनेको बालअधिकारको सुनिश्चित गर्नु हो ।
बालविवाहको विरुद्धमा डटेर आवाज उठाउनु हामी सबैको कर्तव्य हो ।"

जनहितमा जारी सन्देश
खेलकुद तथा समाज कल्याण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम


# न्यायाधीश नियुक्ति समयमै हुन्छः मन्त्री

**काठमाडौँ ।**
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले सर्वोच्च, उच्च र जिल्ला अदालतमा रिक्त रहेका न्यायाधीशको दरबन्दीमा समयमै नियुक्ति हुने बताएका छन् । प्रतिनिधिसभा बैठकमा विनियोजन विधेयक, २०८१ माथिको छलफलमा उठाइएका विषयमा मन्त्री गिरीले जवाफ दिनुहुँदै अदालतमा रिक्त रहेका न्यायाधीशको दरबन्दीमा समयमै पदपूर्ति हुने बताए । 'अदालतहरुमा रिक्त दरबन्दीमा पदपूर्ति गर्ने विषयमा सरकार गम्भीर छ', मन्त्री गिरीले भने, 'न्याय परिषद् सदस्यको हैसियतमा छिटोभन्दा छिटो न्यायाधीश नियुक्ति प्रक्रियालाई अगाडि बढाइ निष्पक्ष र सक्षम न्यायाधीश नियुक्ति गरी अदालतमा भएको मुद्दाको चापलाई घटाइ नागरिकलाई छिटोछरितो न्याय निरुपण गर्ने कुरामाविश्वासदिलाउनचाहान्छु ।' न्यायाधीश नियुक्ति प्रक्रियालाई निष्पक्ष, पारदर्शी बनाउन तथा अनुभवी, विज्ञ, योग्य र निष्ठावान न्यायाधीश नियुक्ति हुनुपर्ने विषयमा न्याय परिषद् स्पष्ट र प्रतिवद्ध भएको उल्लेख गर्दै उहाँले भविष्यमा न्यायाधीश नियुक्तिको विषयमा प्रश्न नउठ्ने गरी काम गर्ने बताए । 'मिडिया ट्रायलको आधारमा मुद्दा निरुपण हुने प्रश्नको सम्बन्धमा नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायालयको व्यवस्था गरेको हुँदा मिडिया ट्रायल वा अन्य कुनै आधारमा विवादको न्यायिक निरुपण हुन नसक्ने व्यहोरा अनुरोध गर्दछु' मन्त्री गिरीले भने, 'तीन तहको न्यायिक संरचनामा तल्लो अदालतले गरेको न्यायिक निर्णयको माथिल्लो अदालतबाट पुनः परीक्षण गर्न सकिने कानुनी तथा संवैधानिक व्यवस्था रहेको सन्दर्भमा अदालत तथा न्यायिक निकायको विश्वसनीयतामा थप आशंका नगर्न आग्रह गर्छु ।'
नेपालको संविधान बमोजिम बनाउनुपर्ने कानुनको विषय उठान गरेका प्रश्नको सम्बन्धमा संविधान जारी भए पश्चात कानुन निर्माणलाई मन्त्रालयले मुख्य प्राथमिकतामा राखेर काम कारबाही अगाडि बढाएको जानकारी गराए । मन्त्रालयले सङ्घीय संसद्मा पेश गरिने विधेयकको प्राथमिकताको एकीकृत विवरण तयार गरिसकेको र पहिलो प्राथमिकतामा परेका विधेयकको संख्या ६३, दोस्रो प्राथमिकतामा परेका विधेयकको संख्या ३९ र तेस्रो प्राथमिकतामा परेका विधेयकको संख्या १५ गरी कूल एक सय १७ विधेयकलाई प्राथमिकता निर्धारण गरिएको जानकारी दिए । सङ्घीय निजामती सेवासम्बन्धी विधेयक, शिक्षासम्बन्धी विधेयकलगायत महत्वपूर्ण विधेयकहरु सङ्घीय संसद्मा दर्ता भई प्रक्रिया अगाडि बढेको र विधेयक छिटो संसद्बाट पास हुन आवश्यक भएको उनले सदनमा जानकारी गराए । कानुन व्यवसायीको व्यावसायिकता र क्षमता अभिवृद्धिका लागि निरन्तर तालिम प्रदान गर्न कानुन व्यवसायी प्रतिष्ठान (लयर्स एकेडेमी) गठन गर्ने विषयलाई प्राथमिकतामा राखिएको जानकारी गराए ।
मन्त्री गिरीले कानुन व्यवसायीले पालना गर्नुपर्ने आचरण व्यवसायीले मुद्दाका पक्षलाई कानुनी सेवा उपलब्ध गराएवापत लिने शुल्कलाई पारदर्शी बनाउन कानुन व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा सङ्घीय संसद्मा दर्ताको चरणमा रहेको जानकारी गराए । रासस

# करेन्ट लागेर एकको मृत्यु

**मधेशद्दष्टि**
**सर्लाही ।**
सर्लाहीको बरहथवामा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ । बरहथवा नगरपालिका वडा नम्बर १० का २१ वर्षीय आबोध ठाकुरको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ । बिहीबार बिहान करिब ११ बजे बरहथवा–५ स्थित नेपाल टेलिकमको कार्यालयमा कार्यरत ठाकुरसहित आनन्द ठाकुर करेन्ट लागेर गम्भिर घाइते भएका थिए । घाइते अबोधको उपचारका क्रममा हरिवन स्थित सरस्वती अस्पतालमा मृत्यु भएको भने अर्का घाइते ठाकुरको उपचार बरहथवा स्थित एडभान्स सञ्जीवनी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# ब्लुबुक कीर्ते गर्ने गिरोह राजधानीमा सक्रिय




**काठमाडौँ ।**
नेपाल प्रहरीले राजधानी काठमाडौँमा सवारीधनी दर्ता किताब (ब्लुबुक)मा कीर्ते गर्ने केही व्यक्तिहरुको समूह सक्रिय रहेको जनाउँदै अपरिचितलाई ब्लुबुक नदिन आग्रह गरेको छ । वास्तविक सवारीधनीको ब्लुबुकमा आफूखुशी विवरण भरेर जाली काम गर्ने गिरोहलाई नियन्त्रणमा लिएको जनाउँदै त्यसतर्फ सचेत हुन प्रहरीले अनुरोध गरेको हो । प्रहरीको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले बुधबार एक सूचना जारी गरी आफ्नो सवारी साधन र सवारी दर्ता किताब अर्कोलाई जिम्मा दिँदा सचेत रहन अनुरोध गरेको हो ।
हालै ब्लुबुक कीर्ते गरेर गाडी बेचेको अभियोगमा चारजनालाई पक्राउ गरेर कारबाही थालिएको जानकारी दिँदै जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक अङ्गुर जिसीले त्यसतर्फ सम्बन्धित सवारीधनी नै सचेत हुनुपर्ने बताए । अभियुक्तहरूले सवारीधनी एभरेष्ट बैंक र ऋणी गजेन्द्र लोहनी विश्वकर्मा भएको बा२०च ६४६७ नम्बरको गाडीको सवारी दर्ता किताबमा कीर्ते गरी उक्त गाडी खरिदबिक्री गरेका उनले बताए । यही असार ३ गते बैतडीका ३८ वर्षीय वीरेन्द्रसिंह साउदलाई चाबहिलबाट दुई थान कीर्ते सवारी दर्ता किताबसहित पक्राउ गरिएको थियो । रासस

# योजना आयोगको उपाध्यक्षमा डा सोहन साह नियुक्त



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले मधेश प्रदेशको नीति तथा योजना आयोगको उपाध्यक्षमा डा सोहन साह नियुक्त गरेको छ ।

बिहीबार मुख्यमन्त्री सतिश सिंहले उनलाई नीति तथा योजना आयोगमा नियुक्त गरेका हुन् । साहले बिहीबार नै पद तथा गोपनीयताको शपथ लिइ पदभार ग्रहण गरेका छन् ।

डा साह यसअघि जनमत पार्टी सरकारमा रहँदा नीति तथा योजना आयोगको सदस्य रहेका थिए । जनमतले माघ ७ गते सरकार छाडेपछि तत्कालीन सरकारले साहलाई वर्खास्त गरेको थियो ।

# यो वर्ष पनि नबन्ने भयो कमला नदीमा पुल

**जनकपुरधाम ।**
धनुषा र सिरहालाई जोड्ने कमला पुल यस वर्ष पनि नबन्ने भएको छ । निर्माण सम्पन्न भएर उद्घाटन हुनुअगावै भासिएको उक्त पुल तीन वर्ष बितिसक्दा पनि निर्माण हुनसकेको छैन । गत चैत १८ गते पुलको निरीक्षण गर्दै भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले ठेकेदारलाई असार १५ गतेसम्म पुल निर्माण सम्पन्न गर्न निर्देशन दिएका थिए । उपप्रधानमन्त्रीसमेत रहेका महासेठले दिनुभएको म्याद सकिन एक हप्ता बाँकी रहँदासम्म पुल निर्माणको प्रगति भने शून्य छ । 'करिब १३ वर्षदेखि निर्माणाधीन यो पुलको पुनःनिर्माण समयमै हुनुपर्यो । नभए निर्माण कम्पनीलाई कारबाही गरी नयाँ प्रक्रिया अगाडि बढाउनुस', पुलको निरीक्षण गर्दै उपप्रधानमन्त्री महासेठले भनेका थिए ।

वर्षा सुरु भएसँगै बाढीको जोखिम बढेकाले पुल निर्माण यस वर्ष सम्पन्न हुन नसक्ने हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका निर्देशक कृष्णकुमार महतोले बताए । मधेश प्रदेशको 'लाइफ लाइन' मानिने कमला पुल चार सय ७० मिटर लामो छ । विसं २०६८ जेठ ३१ मा ४२ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी पप्पु–लुम्बिनी जेभीसँग ठेक्का सम्झौता भएको थियो । सम्झौता भएको सात वर्षसम्म पनि पुल निर्माण नभएपछि हुलाकी राजमार्ग सडक निर्देशनालयले उक्त निर्माण कम्पनीसँग ठेक्का तोडेर निर्माणको जिम्मा लुम्बिनी बिल्डर्सलाई दिएको थियो । बिल्डर्सको कमाण्डमा निर्माण अन्तिम चरणमा पुगिसकेकाले विसं २०७८ साउनमा उद्घाटनको तयारी गरिसकेको अवस्थामा पुल भासिएको निर्देशक महतोले बताए । उनका अनुसार १३ पाया (पिलर) र १२ स्पान (स्ल्याब) रहेको पुलको सिरहातर्फको दोस्रो र धनुषातर्फको चौथो पाया भासिएको थियो । पुल भासिएपछि निर्माण कम्पनी र बीमा कम्पनीबीचको विवादले हालसम्म काम रोकिएको निर्देशक महतोको भनाइ छ । 'सरकारी निकायको कुनै पनि ठेक्का गर्दा १० लाख रुपैयाँभन्दा बढीको आयोजनामा बीमा गराउनुपर्ने प्रावधान छ । सोही प्रावधानअनुसार पुल निर्माण कम्पनीले बीमा गराएको थियो । पुल भासिएपछि बीमा कम्पनीले क्षतिपूर्ति नदिएपछि सोही विवादका कारण काम रोकिएको छ' उनले भने ।

निर्माण कम्पनीका प्रबन्ध निर्देशक विष्णु शर्माले यो वर्ष पुल निर्माण सम्पन्न गर्न सम्भव नरहेको बताए । पुल पुनःनिर्माण गर्न हालसम्म डिजाइन पास नभएकाले निर्माण सम्भव नरहेको उल्लेख गरे । 'पेस गरिएको डिजाइनमध्ये एउटा धनुषातर्फको पास भएको छ । केही दिनअघि मात्रै कम्पनीका तर्फबाट तयार गरिएको डिजाइन मन्त्रालयमा बुझाएका छौँ । सिरहातर्फको डिजाइन पास भएको छैन । अनि कसरी यो वर्ष काम हुन्छ ?', प्रबन्ध निर्देशक शर्माले प्रश्न गरे । वर्षामा नदीमा बाढी आउन सक्ने भएकाले आगामी असोज/कात्तिकबाट निर्माण अगाडि बढाइने उनको भनाइ छ । यही असार मसान्तसम्म निर्माणको म्याद रहेको भन्दै प्रबन्ध निर्देशक शर्माले म्याद थप गरी सहजीकरण गर्नुपर्नेमा जोड दिए । उनले बीमा कम्पनीसँग उच्च अदालत काठमाडौँमा मुद्दा चलिरहेकाले निर्माणमा ढिलाइ भएको तर्क गरे ।

प्रबन्ध निर्देशक शर्माका अनुसार पुल भासिएपछि बीमा कम्पनीसँग १२ करोड रुपैयाँ क्षतिपूर्तिको माग गरिएको थियो । बीमा कम्पनीले दुई करोड रुपैयाँमात्रै दिने भनेपछि, कम्पनीविरुद्ध उजुरी दिएका छौँ' उनले भने, 'उजुरीका आधारमा समस्या समाधान नभएपछि उच्च अदालत गएका हौँ । उच्च अदालतमा गत जेठ तेस्रो साता मुद्दा दर्ता गराएका छौँ ।' अहिले पुलमा सामान्य निर्माण भने भइरहेको उनले बताए । कमला नदीमा पुल नबन्दा धनुषा र सिरहाका नागरिकको जनजीवन प्रभावित हुँदै आएको सिरहा नगरपालिका–१७ का प्रविन यादवले बताए । 'पुलका कारण बर्खाको समयमा आफ्नै खेतबारीमा पुग्न पनि गाह्रो हुन्छ । आवागमनमा सास्ती हुनुका साथै यस क्षेत्रको आर्थिकस्तर, व्यापार–व्यावसायमा कमी हुँदै आएको छ' उनले भने ।

यहाँका सर्वसाधारणलाई प्रदेशको राजधानी जनकपुरधाम आवतजावत गर्न निकै सास्ती भोग्नु परिरहेको छ । बाढीले आवतजावत प्रभावित भएपछि सिरहाका नागरिक गम्भीर प्रकृतिको उपचार गराउन जनकपुरधाम वा कोशी प्रदेशको राजधानी विराटनगर पुग्न समस्या हुने गरेको यादवको भनाइ छ । सिरहाबाट जनकपुरधाम पुग्न हुलाकी राजमार्गबाट ३० किलोमिटर पर्दछ भने महेन्द्र राजमार्ग भएर जाँदा ९० किलोमिटर पर्दछ । रासस

# गरुडा नगरपालिकाद्वारा ७० करोड बढीको बजेट पारित



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटको १८ स्थानिय तह मध्ये जिल्लाको मध्यभागमा रहेको गरुडा नगरपालिकाको नगसभाले ७० करोड रुपैयाँ बढीको बजेट पारित गरेको छ ।

बिहीवार सम्पन्न गरुडाको एघारौ नगरसभा तथा आठौं बजेट अधिवेशनले ७० करोड रुपैयाँ बढीको बजेट पारित गरेको हो । मधेश प्रदेशका युवा तथा खेलकुद मन्त्री प्रमोद जयसवालको प्रमुख आतिथ्यमा सम्पन्न नगरसभामा उपमेयर पुनम चौधरीले आर्थिक वर्ष २०८१।०८२ को लागि ७० करोड २० लाख ५९ हजार रुपैयाँ आय व्ययसहितको बजेट प्रस्तुत गरेकी हुन् ।

संघीय र प्रदेश सरकारको वित्तीय समानीकरण, विशेष अनुदान, ससर्त अनुदान, राजस्व बाँडफाँड, समपुरक अनुदान, आन्तरिक आयलगायत गरी उक्त बजेट पारित गरिएको नगर प्रमुख कन्थमणी प्रसाद जयसवालले बताए ।

शिक्षा, स्वास्थ्य, कृषि, यातायात, खानेपानी, विधुत, भौतिक पुर्वाधार निर्माण कार्य लगायतलाई विशेष प्राथमिकतामा राखेर सो बजेट प्रस्तुत गरिएको मेयर जैसवालले बताए । कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहम्मद मुस्ताक आलम, वडा नम्बर १ का वडा अध्यक्ष शेख वहाब, वडा नम्बर २ का वडाध्यक्ष कृष्णनन्दन सहनी, वडा नम्बर ३ का वडाध्यक्ष अम्बिका सहनी, वडा नम्बर ४ का वडाध्यक्ष सुनिल कुमार जयसवाल, वडा नम्बर ५ का वडाध्यक्ष रामबाबु चौधरी, कार्यपालिका सदस्यलगायतको सहभागिता रहेको थियो ।

# बलान नदीमा अस्थायी तटबन्ध निर्माण गर्दै सुरक्षाकर्मी

**गोलबजार ।**
सिरहा र सप्तरी जिल्लाको सिमाना रहेको बलान नदीको पूर्वी किनाराको कटान रोक्न सुरक्षाकर्मीले अस्थायी तटबन्ध निर्माण थालेको छ । सप्तरी जिल्ला विपद् व्यवस्थान समितिको निर्णयअनुसार मनसुन प्रतिकार्य योजनाअन्तर्गत बलान विहुल गाउँपालिका वडा नम्बर ४ बेल्हीस्थित निर्माणाधीन बाँधमा बाढीबाट कटान भएपछि सशस्त्र प्रहरी बल नेपाल ६ नम्बर गणबाट सशस्त्र प्रहरी निरीक्षक महेश कार्कीको नेतृत्वमा ३० जना सशस्त्र प्रहरी र नेपाली सेना बरख गण राजविराजबाट १५ जना नेपाली सेनाका जवान र नेपाल प्रहरी चौकी बेल्ही, सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट बेल्हीका प्रहरीसहितको टोलीले तटबन्ध निर्माण थालेको हो । गत वर्ष जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले बलान नदी नियन्त्रण योजनाअन्तर्गत तीन करोड ९९ लाख १७ हजार आठ सय ८५ रुपैयाँको लागतमा बाँध बनाएको थियो तर गत वर्षको अविरल वर्षाले बाँध भत्काएपछि जिल्ला विपद् व्यवस्थान समितिको अगुवाइमा तटबन्ध निर्माण थालिएको हो ।

# सवारी दुर्घटना तीनको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
बागमती नगरपालिकास्थित रायमाझी चोकमा बिहीबार बिहान भएको सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ भने दर्जनौँ घाइते भएका छन् ।

पूर्वपश्चिम राजमार्गस्थित बागमती नगरपालिक–११, रायमाझी चोकमा रोकेर राखेको लरीमा यात्रीबाहक बस ठोक्किँदा रुपन्देहीको मायादेवी गाउँपालिका निवासी हरिबहादुर चौधरी, ८५ वर्षका दशरथ कोहार र ५० वर्षका रामकरण केवटको मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनालगत्तै उद्धार गरी उनीहरुलाई हरिवनस्थित नमूना अस्पताल पु¥याएकामा चिकित्सकले मृत घोषणा गरेका इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक अनिलराज गिरीले जानकारी दिए ।

रुपन्देहीबाट जनकपुरतर्फ आइरहेको बस दुर्घटना भएको हो । बसमा ४० जना सवार रहेका प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएकाहरुको जनकपुर, वीरगंज तथा स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।

# धार्मिक आस्थामाथि चोट पुर्याउनेलाई कारवाही गर्न माग

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल जनता पार्टी (नेजपा)पर्सा जिल्ला समितिले धर्म परिवर्तन, गौ हत्या गर्ने तथा हिन्दू देवी देवताको फोटो माथि दुर्व्यवहार गर्नेलाई कारवाहीको माग गर्दै पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाललाई ज्ञापन–पत्र बुझाएको छ । हिन्दू समाजका सोझा नागरिकलाई विभिन्न वहानामा क्रिश्चियन बनाउने कार्य हाल पर्सामा भईरहेको हुँदा त्यस्ता समूह र गिरोहलाई पक्राउ गरि कारवाही गर्न ज्ञापन पत्रमार्फत माग गरिएको छ । त्यसैगरी लुकिछिपी गौ हत्या र तस्करी भईरहेको बारे समेत नेजपाले ध्यानाकर्षण गराएको छ । नेजपाका नेता संतोषानन्द महाराजको नेतृत्वमा ज्ञापनपत्र बुझाउन जाने टोलीमा केन्द्रीय सदस्य अधिवक्ता बिनोद कुर्मी, मधेश प्रदेश समिति सदस्यहरु पारस द्विवेदी, रामप्रसाद कुर्मी, विभा साह, अनिल कुर्मी, धीरज साहलगायतको सहभागिता रहेको थियो ।


## घरेलु हिंसा दण्डनीय अपराध हो ।

**घरेलु सम्बन्ध भएको परिवारका एक सदस्यले सोहि परिवारको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक हिंसालाई घरेलु हिंसा भन्दछन् ।**

- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने पीडित वा जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखिक उजुरी दिन सक्दछ ।
- यस्तो कसूर भएमा कसुर गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्ने हुन्छ ।
- घरेलु हिंसा कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने ब्यवस्था मिलाइएको छ ।
- यसका साथै घरेलु हिंसाका पीडितलाई जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायता सेवा उपलब्छ हुन्छ भने जिल्ला अदालतबाट निशुल्क वकिलको पनि व्यवस्था गरिएको छ ।



नेपालको कानुनले निम्न ४ प्रकारको घरेलु हिंसा गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेको छ ।

१) शारीरिक यातनाः कुटपिट गर्ने गैर कानुनी रूपमा थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने तेजाव वा त्यस्तै अन्य कुनै पदार्थ छर्किई वा सो पदार्थले पोली डामी, दली, घसी जीउमा पिडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पारिदिने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य पर्दछ ।

२) मानसिक यातना : डरधाक देखाउने वा धम्की दिने त्रासपूर्ण व्यवहार गर्ने गाली गलौज गर्ने झुठा कुरा लगाउने, घरबाट निकाला गर्ने वैचारिक धार्मिक, सांस्कृतिक, प्रथा परम्पराका आधारमा भेदभाव गर्ने रूपरंग शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक संतुलन गुमाउने वा आत्महत्या गर्न दुरूत्साहन दिने वा आत्माहत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले वा मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेत जनाउँछ ।

३) यौनजन्य यातना : महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य भनेकाले यौनजन्य दुर्व्यवहार, बिरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल पत्रपत्रिका वा सिनेमा देखाई सोहि अनुसार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरू महिलामाथि हुने यौनजन्य यातना हुन् ।

४) आर्थिक यातना : महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचविखन गर्दा महिलाको सहमती नलिनु, आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुचँ नहुनु जस्ता कार्य पर्दछन् । आर्थिक यातना शव्दले महिलाको हकमा दाईजो माग गर्ने दाईजो ल्याउन दवाव दिने वा दाईजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

सहयोगका लागि उजुरि गर्ने निकायहरू :
- प्रहरी कार्यालय
- राष्ट्रिय महिला आयोग :
- स्थानीय निकाय
- नगरपालिका/गाउँपालिका (उपमेयर/उपप्रमुख), वडा कार्यालय,

समस्या परेमा सहजै खबर गर्न सकिने नम्बरहरु
- लैङ्गिक हिंसा हेल्पलाइन (राष्ट्रिय महिला आयोग) :११४५
- प्रहरी कार्यालय : १००
- बाल हेल्पलाइन (बालबालिकामाथि हुने हिंसाका लागि) : १०९८

जनहितमा जारी सन्देश
**नरहा गाउँपालिका**
नरहा, सिरहा, मधेश प्रदेश


# कबीर परमेश्वरको ६२७ औं प्रकट दिवस मनाइदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कबीर साहेबको सशरीर प्राकट्यको सम्झनालाई लिएर प्रत्येक वर्ष मनाइने कबीर परमेश्वर प्रकट दिवस यस वर्ष पनि भव्यताका साथ मनाईंदै छ । कबीर परमेश्वर प्रकट दिवसको उपलक्ष्यमा सन्त रामपालजी महाराजका अनुयायीहरुद्वारा असार ६ देखी ८ गते सम्मका लागि आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भन्डारा कार्यक्रम असार ६ गते बिहिबार पाठ प्रकाश गरी प्रारम्भ भएको छ । कबीर परमेश्वर प्रकट दिवस भारतको ९ वटा सतलोक आश्रम र नेपालको सतलोक आश्रम धनुषाका साथै विश्वका विभिन्न देशहरूमा मनाइरहेको कुरा सतलोक आश्रम धनुषाले जनाएको छ ।

आजभन्दा ६२७ वर्ष पहिले कबीर साहेबको प्राकट्य काशी शहरको लहरतारा तलाउमा विकसित कमलको फूलमा भएको थियो । सोही समयमा निरु र निमा नामक निःसन्तान दम्पतीले त्यहाँबाट उनलाई आफ्नो घर लगेर उनको पालन पोषण गरेका थिए । सोही कुराको सम्झनामा प्रत्येक वर्ष जेष्ठ महिनाको शुक्ल पुर्णिमाको दिन उनको प्रकट दिवस मनाइएको र तीन दिवसीय कार्यक्रम आयोजना गरिएको सतलोक आश्रम धनुषाले जनाएको छ ।

धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नम्बर २ बेलाचापी स्थित सतलोक आश्रमले बिहीबार बिहान ९:१५ बजेदेखि कार्यक्रम प्रारम्भ गरेको हो । कार्यक्रमको सुरुवात सन्त रामपालली महाराजको पावन सान्निध्यमा गरिबदासजी महाराजद्वारा रचित अमरग्रन्थ साहेबको पाठ प्रकास्गबाट भएको थियो । यही दिन नेपालका विभिन्न प्रदेशहरु, भारतको विभिन्न राज्यहरु र अन्य देशहरुबाट समेत उल्लेख्य संख्यामा भक्तजन एवं विभिन्न प्रसिद्ध व्यक्तिहरुको उपस्थिति रह्यो । बिहीबार पहिलो दिन मधेश प्रदेशका वन तथा पर्यटन मन्त्री, सिराहाका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाल, सप्तरी जिल्ला समन्वय समितिका सभापति शिवनारायण साहलगायत विभिन्न नगरपालिकाका मेयरहरुको सहभागिता थियो । आगन्तुकहरुका लागि शुद्ध घ्यूमा बनेका लड्डु, जेरी, बर्फि तथा हलुवा प्रसादका साथै पूरी, शब्जी, सलाद, दाल, भात, अचार आदीसमेतको विशाल भण्डाराको व्यवस्था गरिएको छ । उक्त कार्यक्रममा कबीर साहेबको जीवनलीला चित्रण गर्ने आध्यात्मिक प्रदर्शनीहरु पनि लगाइएको छ । आश्रमले जुनसुकै व्यक्ति पनि कार्यक्रममा सहभागी भएर प्रसाद ग्रहण गर्न सक्ने र जति संख्यामा श्रद्धालु आए पनि सबैलाई निःशुल्क भोजन भण्डारा गराउन तयार रहेको बताएको छ । संगसंगै बढीभन्दा बढी मात्रामा कार्यक्रममा सहभागी हुन पनि आमन्त्रित गरिएको छ । कार्यक्रमको दोस्रो दिन शुक्रबार दाइजो मुक्त विवाह, रक्तदान शिविर आदी लगाइने आयोजकले जनाएको छ ।

*ज्ञान भन्दा ठूलो अर्को कुनै गुरू हुँदैन ।*

*– चाणक्य*

## सम्पादकीय

# असुरक्षित समाजको दोषी को ?

*समाजमा दैनिकजसो विभिन्न प्रकृतिका अपराजन्य घटनाहरु भइरहेका छन् । चोरी, डकैतीदेखि हत्या हिंसासम्मका जघन्य पराधका घटनाहरु हरेक दिन सार्वजनिक भइरहदा समाजमा सुरक्षाको अवस्था कस्तो भन्ने कुरालाई दर्शाएको छ । नागरिक स्तरमा अपराधजन्य घटनाहरु न्युनिकरणका लागि पहल नभएका हो या सुरक्षा संयन्त्रको कमजोरी हो ? भन्ने प्रश्नमा घोत्लिनुपर्ने बेला भएको छ । मधेश प्रदेशका आठ वटै जिल्लाको मात्रै कुरा गर्ने हो भने पनि एकदिनमा चार–पाँच वटा वेवारिसे शवहरु भेटिएका छन् । चोरी डैकती र लागु औषध बरामदका घटनाहरु पनि हरेक दिन दोहोरिदै आएका छन् । लागु औषध कारोबारमा संलग्नलाई पक्राउ गरी सार्वजनिक गर्ने गरेको भए पनि यस्ता घटनाहरु कमि आउन सकिरहेको देखिदैन । भारतसँगको खुला सिमानका कारण तराई मधेशमा अपराधको ग्राफ केही बढेको देखिए पनि यस क्षेत्रमा प्रहरी प्रशासनको सक्रियता पनि उत्तिकै रहेको सुरक्षा निकायका अधिकारीको तर्क छ । अपराधजन्य घटनाहरु भइसकेपछि बाहिरिएको तथ्याङ्क डरलाग्दो देखिरहेका बेला यस्ता घटनाहरु न्यनिकरणका लागि कसको भूमिका के हुन सक्छ भन्ने विषयमा कुनै पनि निकायको गम्भीरता देखिदैन ।*

*मधेश प्रदेशमा चालु आर्थिक वर्षको साउनदेखि जेठ महिनासम्म मात्रै एक सय नौ जनाको हत्या भएको छ । पछिल्लो चार वर्षको अवधिमा चार सय ३१ जनाको हत्या भएको मधेश प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कले प्रष्ट पारेको छ । उक्त तथ्याङ्कलाई मात्रै आधार मान्ने हो भने हरेक तीन दिनमा एक जनाको हत्या भएको देखिन्छ । हत्या जस्तो जघन्य अपराधको यो आँकडा आफैमा डरलाग्दो र चिन्ताजनक हो । यो बाहेक मधेश प्रदेशमा हरेक दिनजसो भेटिएका वेवारिसे शवहरुको अवस्था पनि उत्तिकै छ । हरके वर्ष करिब ७० को हाराहारीमा वेवारिस शवहरुको सनाखत हुन नसकेको मधेश प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कले देखाएको छ । यसरी समाजमा हत्या हिंसाका घटनाहरुको बढ्दो ग्राफलाई न्युनिकरण गर्नका लागि सरकारी संयन्त्रहरुको प्रभावकारिता देखिदैन । समाजमा यौनदुव्र्यवहार, घेरलु हिंसा, जबर्जस्तीकरणी, कुटपिट, बालविवाह, बोक्सीको आरोप, बालविवाह, बहुविवाह, दाइजो प्रथालगायतका घटनामा महिला तथा बालबालिका बढी पीडित छन् ।*

*चालु आर्थिक वर्षको सुरुवाती पाँच महिनामा मधेश प्रदेशमा यौनजन्य अपराधसम्बन्धी एक सय ४०, बालविवाह तथा बहुविवाहसम्बन्धी ३९, जातीय छुवाछुतसम्बन्धी चार, बोक्सी आरोपमा सात, दाइजो, जबर्जस्ती करणी र घरेलु हिंसाका कारण कर्तव्य ज्यानसम्बन्धी चार उजुरी परेका छन् । यस अवधिमा जबर्जस्ती करणी र बालयौन दुरुपयोगसम्बन्धी मधेश प्रदेशमा एक सय ४० उजुरी दर्ता भएका छन् । अघिल्लो आर्थिक वर्षमा बोक्सीको आरोप देशभर दर्ता भएका ४३ उजुरीमध्ये ३२ वटा उजुरी मधेश प्रदेशमा परेका थिए । गत वर्ष देशभर अपहरण जबर्जस्तीकरणीका ५९ उजुरीमध्ये पनि ३३ उजुरी मधेश प्रदेशमा परेका थिए । यसरी समाजमा अपराधको अवस्था मधेश प्रदेशमा झनै विकराल देखिन्छ । समाजमा भइरहेका आपराधिक गतिविधीको कारण समान्य रिसिबीदेखि योजनाबद्ध ढंगबाट हुने गरेको खुल्ने गरेको छ । कतिपय घटनाहरुमा आफन्त र परिवारकै सदस्यहरुको समेत संलग्नता देखिनुले हरेक घर परिवार आफैमा जिम्मेवार हुनुपर्छ भन्ने कुरालाई थप प्रस्ट पारेको छ । त्यसैले सभ्य र सुरक्षित समाज निमार्णका लागि सरकारी सुरक्षा संयन्त्रहरुको थप प्रभावकारितासँगै नागरिक आफै पनि सचेत हुन जरुरी छ ।*

**लेखक वर्गमा अनुरोध**

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

**कार्यक्रम आयोजकमा अनुरोध**

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# बन्ने होइन त करोडपति ?



अचुतकुमार ओझा

> लगानीमा अनेकन रणनीति र योजना हुन सक्छ तर प्रत्येक उत्कृष्ट लगानीमा समय सबैभन्दा महत्वपूर्ण हुने गरेको छ । कम्पाउण्डिङलाई बुझ्न सकियो भने लगानीलाई कम जोखिममा बढी प्रतिफलमूखि बनाउन सकिन्छ । यसलाई बुझ्न केही समय लाग्छ तर बुझिसकेपछि यसले दिने लाभ कल्पना गरिएभन्दा बढी देखिन्छ । यसको नतिजा आउन समय लाग्छ तर सजिलै बुझिएको जोडफल भन्दा यो तीन करोड ८७ लाख गुणा बढी हुन जान्छ ।

वित्तीय साक्षरताको प्रशिक्षणका सिलसिलामा केही महिनाअघि राजधानीको एक विद्यालयका विद्यार्थीले गरेको प्रश्न आजसम्म मेरो मानसपटलमा गुञ्जिरहेको छ, 'के म पनि करोडपति बन्न सक्छु ?' त्यो १० वर्षको अबोध बालकलाई मैले त्यतिखेर भनेको थिएँ, अवश्य तिमीहरू भाग्यमानी छौ सानो उमेरमै वित्तीय ज्ञान थाहा पाइरहेका छौ, थप कम्पाउडिङ्गको शक्ति थाहा पाउन सकियो भने प्रत्येक महिना केवल पाँच हजार रुपैयाँ अर्थात् एक वर्षमा ६० हजार रुपैयाँ लगानी गरेर वार्षिक १२ प्रतिशत प्रतिफल निकाल्न सक्ने हो भने सजिलै तिमी ३० वर्षमा करोडपति बन्न सक्छौ।

यदि ३६ वर्ष तिमी कुर्न सक्छौ भने एक करोड ९७ लाख रुपैयाँको मालिक हुनेछौ । प्रतिफल दर र लगानी रकम बढाउन सक्ने हो भने त्यो भन्दा अगाडि नै करोडपति हुन सकिन्छ । मैले उक्त कक्षामा दिएको जवाफ र देखाएको टेबल विद्यार्थीहरूले बुझे बुझेनन् थाहा छैन । उनीहरूमा धैर्यता र दृढता हुर्काउन सकियो सकिएन भन्न सक्दिनँ, तर सो बालकको प्रश्नले मलाई हरेक व्यक्ति कसरी करोडपति बन्न सम्भव छ भन्ने विषयले घोची नै रहेको छ। लगानीमा समय यति धेरै शक्तिशाली हुन्छ, जसले प्रत्येक व्यक्तिलाई कुर्न सक्ने हो भने करोडपति बनाउन सक्ने ल्याकत राख्छ। संसारका असाधारण लगानीकर्ता भनेर कहलिएका वारेट बफेटका सम्बन्धमा दुई हजारभन्दा बढी पुस्तक लेखिएको छ। बफेट धनी हुनुमा उनको अब्बल लगानी कला मात्रै नभई नाबालक हुँदादेखिकै अब्बल लगानी हो भन्ने सारांश रहेको भेटिन्छ । बफेटले १० वर्षको उमेरमा लगानी सुरूआत गरेर त्यसलाई फैलाउँदै आफू ३० वर्षको हुँदा एक मिलियन डलर बनाइसकेका थिए।

वास्तवमा उनी उत्कृष्ट लगानीकर्ता मात्रै नभई धीर पनि थिए। उनले अहिले जीवनको नौ दशक पूरा गरी रहदा आठ दशक अर्थात जीवनको करिब ९० प्रतिशत समय लगानीमा बिताइसकेका छन् । 'धन सम्पत्तिको मनोविज्ञान' किताबका लेखक मोर्गन हउजलका अनुसार बफेट सफल लगानीकर्ता त हुन तर संसारकै उत्कृष्ट लगानीकर्ता भनेर भन्न सकिदैन। सन् २०२० मा उनले लेखेको उक्त पुस्तकमा बफेटले लगानीमा औसत प्रतिवर्ष २२ प्रतिशत प्रतिफल पाउने गरेको बताएका छन्। त्यस समयमा उनको सम्पति ८४.५ बिलियन डलर थियो। यदि उनले ६० वर्षमा लगानी गर्न छोडिदिएका भए ११.९ मिलियन मात्रै हुन सक्थ्यो । जुन पुस्तक लेख्दै गरेको समयको करिब ९९.९ प्रतिशत कम हुने थियो। यसको मूलकारण उनको लगानी कुशाग्रता हो तर वास्तविकता भनेको समय हो। यथार्थमा कम्पाउडिङ्ग यस्तै काम गर्छ।

लेखकका अनुसार बफेटले वार्षिक २२ प्रतिशत लगानीमा प्रतिफल निकाल्दै गर्दा हेज फन्ड रिनेसांस् टेक्नोलोजिका प्रमुख, जिम साइमन्सले सन् १९८८ बाट लिएर ६६ प्रतिशत प्रतिवर्षको दरले धनको कम्पाउडिङ्ग गरे। उक्त किताब लेख्दै गर्दा उनको सम्पति २१ बिलियन थियो तर बफेटले त्यसको एक तिहाई मात्रै प्रतिफल निकाल्दै गर्दा समेत साइमन्सको भन्दा ७५ प्रतिशत बढी कमाउन सफल भए। बफेटभन्दा करिब तीन गुणा बढी प्रतिफल निकाल्न सकेर पनि उनी किन कम धनी भए। यसको मूलकारण साइमन्नले ५० वर्षको उमेर पुगेपछि लगानी थालेका थिए। यसले गर्दा उसँग बफेटको जस्तो लामो समय कम्पाउडिङ्ग गर्ने सुविधा थिएन त्यसैको परिणाम दुईबीच यति धेरै सम्पतिको अन्तर पर्न गएको हो। यदि बफेटले जस्तै साइमन्नले पनि लगानी गर्न सकेको भए त्रिसठ्ठी क्विन्टिलियन नौ सय क्वाड्रिलियन सात सय एकासी ट्रिलियन सात सय असी बिलियन सात सय ४८ मिलियन र एक सय आठ हजार डलर हुने थियो। यी आँकडा हास्यास्पद र अव्यावहारिक देखिन्छ तर कम्पाउडिङ्गका कारण यस्तै आँकडाहरूलाई देखाउन सक्छन्। तसर्थ, प्रत्येक व्यक्ति करोडपति बन्न सक्छ र धनी पनि हुन सक्छ तर लगानीमा धैर्यता सबैभन्दा ठूलो ईश्वरीय बरदान हो यसलाई सबैले बुझ्न सकेमा धनको महत्वपूर्ण नियम थाहा पाई सफल लगानीकर्ता हुन सकिन्छ।

अल्बर्ट आइन्स्टाइनले भनेका थिए, 'कम्पाउडिङ्ग विश्वको आठौं आश्चर्य हो।' स्वयम् बफेटले भनेका छन्, 'लगानीमा कुनै चमत्कार छ भने त्यो कम्पाउडिङ्गको तागत हो ।' तसर्थ लगानीमा भएका कमजोरी र गल्तिहरू लामो समयपछि फिक्का हुँदै जान्छन्। पछिला वर्षहरूमा सम्पत्ती वृद्धिका दर प्रारम्भिक वर्षहरूको तुलनामा धेरै गुणा रहने गर्छ। यसलाई माथिको टेबलबाट पनि हेर्न सकिन्छ । उक्त टेबलमा थालनीको समयदेखि लगानीको तीस वर्षसम्म एक करोड आठ लाख रुपैयाँ धन जम्मा हुँदा पछिल्ला थप छ वर्षमा ९८ लाख रुपैयाँ थपिने देखिन्छ। यसरी हेर्दा पाँच भाग समय लगाएर जम्मा भएको रकम र पछिलो एक भाग समयमा जोडिएको सम्पत्तिको अंश करिब बराबर देखिन्छ। यसले के देखाउँछ भने कम्पाउडिङ्गको नियमभित्र पनि जति धेरै पछिला वर्ष आउँछन् उति धेरै द्रुत गतिमा सम्पत्ति बढ्नेछ। हरेक व्यक्ति सम्पत्ति कमाउन र रमाउन सक्छ यसका लागि केही ज्ञान, अभ्यास र धेरै धैर्यता राख्ने हो भने यो सजिलै सम्भव देखिन्छ।

लगानीमा अनेकन रणनीति र योजना हुन सक्छ तर प्रत्येक उत्कृष्ट लगानीमा समय सबैभन्दा महत्वपूर्ण हुने गरेको छ। कम्पाउण्डिङ्गलाई बुझ्न सकियो भने लगानीलाई कम जोखिममा बढी प्रतिफलमूखि बनाउन सकिन्छ। यसलाई बुझ्न केही समय लाग्छ तर बुझिसकेपछि यसले दिने लाभ कल्पना गरिएभन्दा बढी देखिन्छ। यसको नतिजा आउन समय लाग्छ तर सजिलै बुझिएको जोडफल भन्दा यो तीन करोड ८७ लाख गुणा बढी हुन जान्छ । यसैले कम्पाउण्डिङ्गले लगानीमा दिने चमत्कार पनि दोस्रो उदाहरण जस्तै हो, जसले परिणाम देखाउन समय लगाउँछ तर अप्रत्यासित फल दिन सक्छ।

जापानी नागरिकहरूमाझ अत्याधिक लोकप्रिय काइजन थेउरी (थोरैबाट प्रारम्भ गरी बानी बसाल्ने सिद्धान्त) र पाँच हजार रुपैयाँबाट करोडपति सिद्धान्तमा धेरै समानता भेटिन्छ । यस विधिले एकैपटक ठूला कदम उठाउनु भन्दा विस्तारै साना पाइलाहरूबाट सुरुआत गर्न प्रेरित गर्छ। यसले हामीले चाल्ने हरेक साना प्रयासले ठूलो उपलब्धि दिन सक्छ भन्ने विश्वास राख्दछ। सबैभन्दा ठूलो लक्ष्य प्राप्तिका लागि एकै पटक बृहत फड्को भन्दा नियमित थोरै अभ्यासमार्फत आफूमा बानी पार्नु र त्यसलाई बढाउँदै लैजान सक्नु महत्वपूर्ण हुने गर्दछ । उदाहरणका रुपमा हामीले पहिलो दिनमा घन्टौ व्यायम गर्ने र एक हप्तामा फेरी छोड्ने गरेका धेरै देखेका छौँ। यसो नगरी सुरुआती दिनमा केही मिनेटबाट थालेर त्यसलाई क्रमशः बढाउदै लैजानेहरूले पछि घन्टौंसम्म व्यायम गर्ने आफ्नो व्यवहारको विकास गर्न सफल हुन्छन्। यो एकै दिनमा नभई प्रत्येक दिन एउटा ढुङ्गा पुलबाट खोलामा फ्याँकेर बाटो बनाए जस्तै हो।

भारतको बिहारमा रहेको गेहलौर गाउँमा दशरथ माझी बस्ने गर्थे। यस ठाउँको अगाडि एक भिमकाय पहाड थियो। यसलाई छिचोलेर अर्को गाउँमा जान असम्भव थियो। यस पहाडले थुप्रैको जीवन निलेको थियो। यस्तैमा उनको श्रीमतीलाई पनि यसले हत्या गरेको थियो। त्यसको वियोगमा उनले अठोट गर्छन् कि म यस हत्यारा पहाड छेडेर बाटो बनाउने छु, यसले कसैलाई निल्न सक्ने छैन। उनी आफ्नो प्रतिज्ञा पूरा गर्न पहाडतिर हातमा हथौडा बोकेर निस्कन्छन् । सारा गाउँबासी र उनलाई देख्नेहरू माझी पागल भयो भन्ने गर्थे तर उन्ले भित्ता कोतार्न छोडेनन्। करिब २२ वर्षको अथक मेहनतपछि एक्लैले बाटो भन्दा ठूलो सडक बनाएर देखाइ दिए। आज उनलाई संसारभर 'माउन्टेन म्यान' भनेर चिनिन्छ। यसैले सोच्नुहोस्, प्रयास गर्नुहोस् र पाउनुहोस् । सुरुवात आजै गरौं, मासिक पाँच हजार रुपैयाँ लगानी र वार्षिक १२ प्रतिशत प्रतिफलमा धितोपत्र बजार, सरकारी बोण्ड र बैंकहरूमा फिक्स डिपोजिटलगायतका उपकरणमा टेबलमा देखाइए जस्तै योजनाबद्ध ढङ्गबाट लगानी गरी करोडपति यात्रा थालनी गरौँ।

वारेट बफेटले आफ्ना अन्तर्वार्ताहरूमा भनेका छन्, पहिलो शेयर कारोबारमा धैर्यता राख्न नसक्दा धेरै मुनाफा छोड्नु परेको थियो । तब उनका बाबुले उनलाई हिउँको बीचमा लगेर त्यसलाई देखाउँदै भनेका थिए लगानी र हिउँको डल्लो उस्तै हो। हेर यो हिउँको डल्लोलाई जति टाढासम्म गुडाउन सक्छौँ अरु हिउँहरू जोडिएर धेरै ठूलो डल्लो बन्दै जाने छ। लगानी पनि यस्तै हो, जति धेरै लामो समयसम्म छोड्न सक्छौँ त्यति धेरै हुने निश्चित छ । त्यसपछि बफेटले सधैँ लामो दौडको घोडामा लगानी गर्न सिकेका कारण उनी संसारका सफल लगानीकर्ता बन्न सम्भव भयो। हामीले पनि लगानी लामो समयको लागि छनोट गर्न सक्यौँ भने सफलताहरू हात पर्ने निश्चित छ।

चीनमा पाइने एउटा बाँसको प्रजाति छ, जसको बिरुवालाई चार वर्षसम्म पानि हाल्ने र गोडमेल गर्ने गरेपनि फस्टाएको देख्न सकिन्न । तर पाँचौ वर्षमा जब बाँस फस्टाउन थाल्छ र छ हप्ताभित्रै ९० फिट लामो हुन पुग्छ। अनि प्रश्न के उठ्छ भने बाँस छ हप्तामा फस्टाएको हो ? यदि चार वर्षसम्म हेरविचार नगरेको भए फस्टाउँथ्यो होला त ? पक्कै पनि फस्टाउँदैनथ्यो। यस घटनाले के कुरा स्पष्ट गर्छ भने हामीले धैर्य राख्नु पर्दछ र सही काम गर्दै जानु पर्दछ। परिणाम अहिल्यै नदेखिए पनि केही न केही भइरहेकै हुन्छ। लगानीमा पनि कम्पाउण्डिङ्गको शक्ति यस्तै हुने गर्छ । यसैले सम्पन्नताको आधार लगानी र लगानी सफलताको सजिलो उपाय कम्पाउण्डिङ्ग शक्तिको प्रयोगलाई अभ्यासमा ल्याउनु हो।

कम्पाउण्डिङ्गको चटकलाई बुझेर वर्षमा गरिएको केही हजारको लगानीले करोडपति बन्न सम्भव रहेको हुँदा आफ्नो वित्तीय रणनीति बनाउँदा कम्पाउण्डिङ्गलाई विशेष ध्यान दिन आवश्यक छ । पुस्तक 'लिभिङ् द एटि ट्वान्टी वे' का लेखक .रिचार्ड कोचका अनुसार २० प्रतिशत धनाढेले कम्पाउन्डिङ्ग मिराकलका कारण ब्रम्हाण्डको ८० प्रतिशत सम्पत्ति नियन्त्रणमा राख्न सम्भव भएको छ। तर कम्पाउन्डिङ्गको प्रयोग र महत्व बुझन नसक्दा ८० प्रतिशत मानिसले २० प्रतिशत सम्पत्तिमा निर्वाह गर्नु परेको छ। स्मार्ट लगानीकर्ता बढी प्रतिफल पाउन चक्रिय ब्याजदरको प्रयोग गर्ने गर्दछन्। यसैले तपाई जति छिटो लगानीमा कम्पाउन्डिङ्ग गर्न थाल्नु हुनेछ, लगानीले चमत्कार देखाउन उति नै छिटो सम्भव रहन्छ। राम्रो सुरुआतले राम्रो अन्त्यमा पु¥याउँछ। रासस

# टिकापुर घटनाका दोषीलाई कारबाही हुन्छः प्रधानमन्त्री



**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कैलालीको टिकापुर घटनामा दोषी ठहर भएकालाई कानुनअनुसार कारबाही हुने स्पष्ट पारको छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले सोधेका प्रश्नहरूको जवाफ दिँदै उनले टिकापुर घटनामा जनधनको अपुरणीय क्षति भएको बताए । 'टिकापुर घटना दुःखद् हो, जसमा जनधनको अपूरणीय क्षति हुन पुग्यो' प्रधानमन्त्री दाहालले भने, 'घटनाका विषयमा दोषी ठहर भएका व्यक्तिको हकमा कानुनबमोजिम नै हुनेछ ।' कैद माफी मिनाहाको विषय पनि कानुनबमोजिम नै हुने उनले पष्ट पारे । थारुलगायत आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायको पहिचान स्थापित गर्ने र आर्थिक तथा सामाजिक सशक्तीकरणमार्फत समुदायको अधिकार सुनिश्चित गर्ने विषयमा सरकार गम्भीर रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सोही आधारमा आवधिक योजना, वार्षिक नीति कार्यक्रम तथा बजेटमार्फत सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको प्रधानमन्त्री दाहालले जानकारी दिए ।

'सरकारले आवधिक बजेट तर्जुमा गर्दा प्रचलित ऐन, कानुन, बजेट तर्जुमा दिग्दर्शन एवं प्रणालीअनुरूप छलफल तथा स्वीकृति गर्ने प्रक्रियामा सबै जनप्रतिनिधिको अहम भूमिका रहनेमा दुईमत छैन' उनले भने । सङ्घीय संसद्मा नीति तथा कार्यक्रममा पर्याप्त छलफल भएर बजेट निर्माण हुने अपेक्षा गरिए पनि संसद्को कारबाही नियमित हुन नसक्दा नीति तथा कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा अपेक्षा गरेबमोजिम रुपान्तरण हुन नसकेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नीति तथा कार्यक्रमका विषय सम्बन्धित सबै पक्षसँग गहन छलफल गरी बजेटमा तादाम्यता कायम गरिएको बताए । सङ्घीयता र गणतन्त्रको रक्षा एवं संविधानले निर्दिष्ट गरेका मार्गचित्र बमोजिम सबै भौगोलिक क्षेत्र, वर्ग र समुदायको समानुपातिक, सन्तुलित र समन्यायिक विकास, सुशासन एवं समृद्धिलाई मुख्य आधार लिएर बजेट तर्जुमा गरिएको विषय बजेटका प्राथमिकता तथा क्षेत्रगत विनियोजनबाट प्रष्ट हुने प्रधानमन्त्री दाहालले जानकारी दिए ।

**'शिक्षा क्षेत्रमा रुपान्तरणको लक्ष्य लिइएको छ'**

प्रधानमन्त्री दाहालले शिक्षा क्षेत्रमा रुपान्तरण गर्ने सरकारको लक्ष्य रहेको बताए । उनले शैक्षिक सूचकाङ्कमा पछाडि परेका मधेश प्रदेशमा शैक्षिक गुणस्तर सुधारका लागि सरकार गम्भीर रहेको स्पष्ट पारे । शिक्षातर्फ वित्तीय हस्तान्तरणमार्फत मधेश प्रदेशका स्थानीय तहमा २० अर्ब ४४ करोड रुपैयाँ बजेट व्यवस्था गरिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जुन शिक्षातर्फ स्थानीय तहमा दिइएको सशर्त अनुदानको १५ प्रतिशत भएको स्पष्ट पारे । विद्यालय भवन निर्माणका लागि वित्तीय हस्तान्तरणतर्फको दुई अर्ब ५३ करोड रुपैयाँमध्ये एक अर्ब दुई करोड रुपैयाँ रकम मधेशका स्थानीय तहका लागि छुट्ट्याइएको उनले जानकारी दिए ।

उनले यसका अतिरिक्त आगामी आर्थिक वर्षको बजेटमा साक्षर भइसकेका स्थानीय तहका लागि आजीवन सिकाइ कार्यक्रममार्फत बजेट प्रवाह भएको उल्लेख गरे । 'सरकारले मधेश मात्रै नभएर देशैभरी गम्भीरतासाथ शिक्षा क्षेत्रमा रुपान्तरणको लक्ष्य लिएको छ' प्रधानमन्त्री दाहालले भने, 'जातीय, लैङ्गिकलगायतका विभेदका कारण उपेक्षित तथा उत्पीडित समुदायको शिक्षामा पहुँच कायम गर्न छात्रवृत्ति, दिवा खाजालगायत कतिपय विशेष कार्यक्रम कार्यान्वयनमा रहेका र आगामी आर्थिक वर्षको बजेटमा थप कार्यक्रमसमेत तर्जुमा गरिएका छन् ।'

**निर्माण व्यवसायीलाई भुक्तानी समस्या छैन**

प्रधानमन्त्री दाहालले निर्माण व्यवसायीलाई उपलब्ध गराउनुपर्ने भुक्तानीमा कुनै समस्या नरहेको जानकारी गराए ।

उनले पुष्पलाल मध्यपहाडी लोकमार्गको केही खण्डमा रेखाङ्कन विवादले निर्माणकार्य अगाडि बढ्न नसकेको भए पनि भुक्तानीका कारण नभएको स्पष्ट पारे । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल दिगो सञ्चालनका सम्बन्धमा सरोकारवालासँग छलफल र समन्वय गरी तदारुकताकासाथ कार्य भइरहेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले अन्य मुलुकका अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकले पोखरा विमानस्थलबाट सेवा सञ्चालन गर्नका लागि विभिन्न छुट तथा सहुलियत माग गरेको हुँदा सो सम्बन्धमा समन्वय भइरहेको जानकारी दिए ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थललगायत तीनवटै अन्तर्राष्ट्रिय विमानस्थल दिगो रूपमा सञ्चालन गर्न सार्वजनिक निजी साझेदारीमा सञ्चालन र निर्माण सम्बन्धमा सुझाव पेस गर्न कार्यसमिति गठन भएको छ । उनले भने, 'समितिको प्रतिवेदन तथा सिफारिस प्राप्त भएपछि अन्तर्राष्ट्रिय विमानस्थल सार्वजनिक निजी साझेदारी वा अन्य उपयुक्त सञ्चालनको विधि तयगरी कार्यान्वयनमा ल्याइने छ ।' रासस

# प्रत्यक्ष निर्वाचनमा महिलाका लागि छुट्टै सिट निर्धारण गर्नुपर्नेमा जोड

**काठमाडौँ ।**
नेपाली कांग्रेसमा आवद्ध नेताहरुले प्रत्यक्ष निर्वाचनमा महिलाको सहभागिता बढाउन छुट्टै सिट निर्धारण गर्नुपर्नेमा जोड दिएका छन् । नेपाल महिला सङ्घले बिहीबार यहाँ अयोजना गरेको कार्यक्रममा सहभागीले निर्वाचनमा सबै राजनीतिक दलले थोरै संख्यामा महिला उम्मेदवार बनाउने गरेकाले विजयी हुनेको संख्या पनि कम हुने भन्दै महिलाका लागि छुट्टै सिट निर्धारण गर्नुपर्ने धारणा व्यक्त गरेका हुन् । कार्यक्रममा कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले प्रत्यक्ष निर्वाचनमा महिलाका लागि छुट्टै सिट निर्धारण गर्नुपर्ने विषय सकारात्मक रहेको बताए । 'प्रत्यक्ष निर्वाचनमा महिलाको सहभागिता बढाउन अलग्गै सिटको व्यवस्था गर्नुपर्छ भन्ने सकारात्मक विषय हो' उनले भने । त्यसअघि पार्टीभित्र हुने अन्तर्घात अन्त्य गर्नसके महिलाले थप अवसर पाउने उनको भनाइ छ । सभापति देउवाले मुलुकमा भएको समावेशी समानुपातिक व्यवस्थाले महिलालाई राज्यका हरेक क्षेत्रमा स्थान दिएको र उक्त व्यवस्थाले आगामी दिनमा पनि अझ सशक्त र प्रभाकारी भूमिका निर्वाह हुँदै जाने अपेक्षा गरे । संसारमा महिला अधिकार र समावेशी समानुपाति व्यवस्थाका विषयमा आवाज उठिरहेको भन्दै उनले नेपालमा यसको उपलब्धिकारुपमा राष्ट्रपति पदमा महिला सहभागी भइसकेको उल्लेख गरे । भोलिका दिनमा यस्तै महत्वपूर्ण जिम्मेवारीमा महिला आउन सक्ने बताउँदै सभापति देउवाले त्यसका लागि तयारी गरेर आफूलाई योग्य र सक्षम बनाउन सबै महिलालाई आग्रह गरे ।

कार्यक्रममा कांग्रेस वरिष्ठ नेता डा शेखर कोइरालाले महिलाले राजनीतिक सशक्तिकरणका साथै आर्थिक र सामाजिक सशक्तिकरण पनि आफूलाई सक्षम बनाउँदै लैजानुपर्ने बताए । उनले विद्यमान आरक्षणको प्रतिशत वृद्धिको मागसँगै त्यसका लागि आफू सक्षम हुनुपर्नेमा जोड दिए । नेता कोइरालाले संविधान संशोधन गरेर भए पनि आगामी दिनमा प्रत्यक्ष निर्वाचनमा महिलाले मात्र प्रतिस्पर्धा गर्नेगरी सिट निर्धारणको व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गरे । महामन्त्री विश्वप्रकाश शर्माले समाजमा देखिएका महिला हिंसा र द्वन्द्व न्यूनीकरणका लागि महिला सङ्घले नेतृत्वदायी भूमिकाका साथ अभियान सञ्चालन गर्नुपर्ने सुझाव दिए । उनले महिला सङ्घसँग राजनीतिक सङ्घर्षको लामो इतिहास भएको उल्लेख गर्दै समाजमा शान्ति कायम गर्न, थिति स्थापित गर्न सङ्घ लाग्नुपर्ने धारणा राखे ।

कांगेस प्रवक्ता डा प्रकाशशरण महतले अभिव्यक्ति स्वतन्त्रता नभएसम्म कसैले पनि अधिकार नपाउने भएकाले कांग्रेसले समयसमयमा विभिन्न राजनीतिक आन्दोलन गर्नुपरेको बताए । उनले प्रत्यक्ष निर्वाचनमा महिलाले मात्र प्रतिस्पर्धा गर्ने व्यवस्था गर्न संविधान संशोधनतर्फ जानुपर्नेमा जोड दिए । उषा राउत मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस नेत्री पुष्पा भुसाल, कांग्रेस नेत्री एवं पूर्वमन्त्री सीता गुरुङलगायले कांग्रेसभित्र महिलामैत्री वातावारण रहेको बताएका थिए । संविधान, विभिन्न कानुन र पार्टी विधानमा भएका महिला अधिकार, समावेशी समानुपातिसम्बन्धी व्यवस्था कार्यान्वयनमा उनीहरुले जोड दिएका थिए । रासस

# किसानलाई मलको अभाव हुँदैनः मन्त्री

**काठमाडौँ ।**
कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वालाकुमारी साहले किसानलाई मलको अभाव नहुने दाबी गरेकी छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तर्गत कृषि तथा पशुपन्छीसम्बन्धी विनियोजन शीर्षकमा उठेका प्रश्नको जवाफ दिँदै उनले धान रोपाइमा किसानलाई मल अभाव नहुने र किसानलाई समयमै मल वितरण गर्न मन्त्रालय लागेको बताइन् । उनका अनुसार चालु आर्थिक वर्षको २८ अर्ब ६७ करोड रुपैयाँ अनुदानका लागि विनियोजित बजेटबाट छ लाख मेट्रिक टन रासायनिक मल अनुदानमा पाउन सकिने भएको छ । साथै दुई लाख मेट्रिकटन मलको बोलपत्र आह्वान भइसकेको उनले जानकारी दिइन् । गत जेठ २८ सम्म तीन लाख ९० हजार मेट्रिक टन मल आयात भएकोमा तीन लाख ६७ हजार मेट्रिक टन मल बिक्री वितरण भएको छ । गत वर्षको समेत गरी कूल ९६ हजार मेट्रिक टन मल मौज्दात रहेको उनले जानकारी दिइन् ।

**दुग्ध किसानको भुक्तानीमा ३० करोड ऋण सकियो**

सोही अवसरमा मन्त्री साहले दुग्ध किसानलाई भुक्तानी गर्न ३० करोड रुपैयाँ लिएको ऋण सकिएको जानकारी दिँदै थप भुक्तानीका लागि ऋण लिन दुग्ध विकास संस्थानलाई निर्देशन दिएको बताइन् ।

'मन्त्रालयले ३० करोड रुपैयाँ लिइ किसानको भुक्तानी गरिसकेको अवस्था छ', मन्त्री साहले भनिन्, 'बाँकी भुक्तानीका लागि थप ऋण लिन संस्थानलाई निर्देशन दिएको छु ।' उनका अनुसार सरकारी स्वामित्वमा रहेको दुग्ध विकास संस्थानले दैनिक एक लाख ५० हजार लिटरसम्म दुध सङ्कलन गरिरहेको र बाँकी दुध निजी दुग्ध उद्योगहरुले सङ्कलन गरिरहेका छन् । दुध खरिद गरेपछि प्रत्येक दिनमा किसानलाई भुक्तानी गर्दै आइरहेको उनको भनाइ छ । रासस




# 'साम्प्रदायिकता फैलाउने गतिविधि नियन्त्रण गर्न सरकार प्रतिबद्ध'



**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधानविपरीत धार्मिक तथा सामाजिक सदभाव बिगार्ने र साम्प्रदायिकता फैलाउने गतिविधि नियन्त्रणका लागि जस्तोसुकै उपाय अपनाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले सोधेका प्रश्नहरूको जवाफ दिँदै प्रधानमन्त्री दाहालले धार्मिक गतिविधिका नाममा साम्प्रदायिकता फैलाउन खोज्ने व्यक्ति तथा समूहलाई प्रचलित कानुनबमोजिम कानुनी कारबाही हुने स्पष्ट पारे । सरकारले गृह मन्त्रालय र मातहत स्थानीय प्रशासनमार्फत धार्मिक तथा सामाजिक सदभाव बढाउन केन्द्रीय तथा प्रादेशिकस्तरमा समेत छलफलका कार्यक्रम सञ्चालन गरिहेको उनको भनाइ थियो । प्रधानमन्त्री दाहालले भने, 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध छ ।'

**सहकारीसम्बन्धी उच्चस्तरीय जाँचबुझ समिति गठन गरिने**

प्रधानमन्त्री दाहालले देशभरबाट सहकारीसम्बन्धी उजुरी र गुनासो सङ्कलन, विश्लेषण गरी समस्याग्रस्त अवस्थाको पहिचान गर्न एक उच्चस्तरीय जाँचबुझ समिति गठन गर्ने प्रक्रिया अघि बढाइएको बताए । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदले सोधेका प्रश्नहरूको जवाफ दिँदै उनले समस्याग्रस्त अवस्थामा पुगेका तर समस्याग्रस्त घोषणा नभएका सहकारी सङ्घसंस्थाको समस्या समाधान गरिने स्पष्ट पारे । 'समितिको सिफारिसको आधारमा त्यस्ता संस्थाहरूलाई समस्याग्रस्त घोषणा गरी सम्पत्तिको व्यवस्थापन र दायित्व भुक्तानी (बचत फिर्तासमेत) को कार्य अघि बढाइनेछ' प्रधानमन्त्री दाहालले भने, 'त्यसका लागि प्रदेश र स्थानीय तहको नियमन क्षेत्राधिकारमा पर्ने सहकारी संस्थाहरूको सहकारी विभाग, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय र सम्बन्धित स्थानीय तहबाट विवरण लिइन्छ ।'

संविधानले अवलम्बन गरेको तीनखम्बे अर्थनीतिको एउटा महत्त्वपूर्ण खम्बा सहकारी भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सहकारिताको भावनाबाट जीवनस्तर उकास्ने र आर्थिक अवस्थालाई बलियो बनाउने सवालमा सहकारी नमूना अभ्यास भएको बताए । नेपालको अर्थतन्त्रको विकासमा सहकारीको योगदान रहेको बताउँदै उनले सहकारीका आधारभूत मूल्य र मान्यताअनुसार स्वनियमनमा आधारित रहेर सहकारी सदस्यको हित प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए । 'सबै सहकारी समस्यामा छन् भन्ने होइन । कानुनको अधिनमा रही सहकारीका स्थापित अन्तर्राष्ट्रिय मूल्य मान्यताभित्र रहेर सहकारी आन्दोलनमार्फत आर्थिक विकास र जीवनस्तर उकास्न धेरै सहकारी संस्थाले मद्दत गरेका छन्', प्रधानमन्त्री दाहालले भने, 'आगामी दिनमा पनि यस्तै सकारात्मक योगदानको अपेक्षासमेत गर्दछु ।' उनले सहकारीको संख्यात्मक वृद्धि भए पनि गुणात्मक विकासमा भने केही कमीकमजोरी भएको उल्लेख गर्दै त्यसतर्फ सरकार गम्भीर रहेको बताए ।

**'राजदूत नियुक्तिलाई थप व्यवस्थित बनाइन्छ'**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजदूत नियुक्तिलाई थप व्यवस्थित, मर्यादित, पारदर्शी एवं कार्यसम्पादनमा आधारित बनाइने बताए । उनले नेपालको संविधान र परराष्ट्र नीतिले परिलक्षित गरेअनुसार राष्ट्रको सर्वोपरी हित हुनेगरी राजदूतहरूको नियुक्ति हुने स्पष्ट पारे । 'राष्ट्रको सर्वोपरी हित हुनेगरी विदेशस्थित कूटनीतिक नियोग तथा नियोग प्रमुखलाई परिचालन गर्न सरकार प्रतिबद्ध छ' प्रधानमन्त्रीले भने । उनले देशको हित र कूटनीतिलाई मजबुत बनाउन वस्तुगत आधारमा राजदूतहरूको मूल्याङ्कन गरी सोहीअनुरूप व्यवस्थापन गर्ने नीति सरकारले अवलम्बन गर्दै आएको स्पष्ट पारे ।

त्यसैगरी नदीको प्रकृति र यसले पारिररहेको असरलाई दीर्घकालीन व्यवस्थापन गर्नुपर्ने देखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घको परियोजना सेवामार्फत जलवायु परिवर्तनसँग अन्तरसम्बन्धित गरी प्रतिवेदन तयार गरिएको र कार्यान्वयमा ल्याउने प्रक्रिया अगाडि बढेको जानकारी दिए । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट प्रभावितको समस्याका बारेमा सरकार गम्भीर रहेको उल्लेख गर्दै उनले विषयको संवेदनशीलतालाई आत्मसात् गर्दै विभिन्न आयोगका सुझाव समेटी पीडित जनताका समस्या स्थायी रूपमा समाधान गर्न सरकार कटिबद्ध रहेको स्पष्ट पारे । रासस

# श्री एयरलाइन्सको काठमाडौँ भरतपुर परीक्षण उडान



**चितवन ।**
श्री एयरलाइन्सले आज काठमाडौं–भरतपुर परीक्षण उडान सम्पन्न गरेको छ । भरतपुर विमानस्थलमा जहाज अवतरण भएपछि उडान दललाई स्वागत गरिएको थियो । श्री एयरलाइन्सको ड्यास एट क्यू ४०० (म्बकज ड त्त द्धण्ण्) जहाजको परीक्षण उडान गरिएको हो । एयरलाइन्सका अध्यक्ष सुधीर मित्तलसहितको टोली परीक्षण उडानबाट विमानस्थल झरेसँगै उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङ, भरतपुर महानगरपालिका प्रमुख रेनु दाहाललगायतले उनीहरूलाई स्वागत गरेका थिए ।

अध्यक्ष मित्तलले ८० जना यात्रु बोक्न सक्ने क्षमताको जहाज सहज अवतरण भएको जनाउँदै नागरिक उड्डयन प्राधिकरणले अनुमति दिएसँगै नियमित उडान गर्न सकिने बताए । उडान थालेसँगै अहिलेको भाडा दरभन्दा केही कममा उडान गर्न सकिने उनले जानकारी दिए । अहिले बुद्ध एयरले मात्र दैनिक भरतपुरबाट काठमाडौँ र पोखरा उडान गर्दै आएको छ । एकतर्फी भाडा चार हजार सात सय रुपैयाँभन्दा माथि छ । यो विमानस्थलको धावनमार्ग एक हजार दुई सय मिटरमात्र लामो छ । धावनमार्ग कम भएकाले क्षमताभन्दा केही कम यात्रु उडाउन सकिने उनले जानकारी दिए । भरतपुरबाट काठमाडौँ उडान भर्दा ५५ जना र काठमाडौँबाट आउँदा ७० जनासम्म उडान गर्न सकिने अनुमान उनको छ । जहाजको सहज अवतरणपछि गृहमन्त्री लामिछानेले यसले यहाँको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने बताए । उनले आफू अन्त्यमा आएर जोडिएको भन्दै सुरुआतदेखि निरन्तर लागिरहनुभएका महानगरपालिका प्रमुख दाहाल लगायत सबैलाई धन्यवाद दिए ।

पर्यटनमन्त्री तामाङले महानगरपालिकाको प्रमुखको निरन्तर सात वर्षको मेहनत, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को पहल, नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकको चाहनाका कारणले चितवनवासीले सोचेको भन्दा छिटो विमानस्थल स्तरोन्नति र विस्तारको काम हुन लागेको बताए । उनले काम नरोकिने जनाउँदै यथाशक्य छिटो विमानस्थल विस्तारको काम सम्पन्न हुने बताए । महानगर प्रमुख दाहालले आफू पहिलोपटक प्रमुख भएपछि पहिलो कार्यपालिकाको बैठकबाट यो विषयलाई निर्णय गरेर निरन्तर लागेको जनाउँदै सबैलाई धन्यवाद दिए । उनले विमानस्थल विस्तारसँगै कम भाडादरमा यात्रुले हवाईयात्रा गर्न पाउने भन्दै श्रीएयर यहाँ आएर यात्रुलाई सहज हुने बताए । यसले यहाँको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने उनको भनाइ थियो । नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक ई प्रदीप अधिकारीले यथाशक्य छिटो श्रीएयरलाई भरतपुर उडानका लागि अनुमति दिइने बताए । आउँदो जनवरी सम्ममा विमानस्थल विस्तारको काम थाल्ने जनाउँदै उनले यससँगै चौबीसै घण्टा जहाज चलाउन सकिने बताए ।

# लगानीमैत्री वातावरण बनाउन मन्त्रालय क्रियाशील छः मन्त्री

**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योग क्षेत्रको विकासका लागि नीतिगत स्थायित्व तथा कार्यविधिगत सरलीकरण गरी लगानीमैत्री वातावरण निर्माण गर्न मन्त्रालय क्रियाशील रहेको बताएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तरगत उद्योग मन्त्रालयको विनियोजित शीर्षकसम्बन्धी छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री भण्डारीले नेपालमा लगानीको वातावरणलाई सहज बनाउन विभिन्न आठ कानुन समावेश गरिएको केही नेपाल ऐन संशोधन, अध्यादेश २०८१ जारी गरी प्रतिस्थापन विधेयकसमेत सङ्घीय संसद्मा पेस गरिसकिएको बताए । नेपाल व्यापार एकीकृत रणनीति, २०८०, व्यापार लजिष्टिक नीति, २०७९ र व्यापार लजिष्टिक नीतिको कार्यान्वयन कार्ययोजना तथा व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमार्फत व्यापार प्रवद्र्धनमा टेवा पुग्ने गरी कार्यक्रम कार्यान्वयन भइरहेको उनले जानकारी दिए ।



लामो समयदेखि रोकिएको स्टार्टअप नीति, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको उल्लेख गर्दै मन्त्री भण्डारीले स्टार्टअपलाई कर्जा प्रवाह गर्न विभिन्न एक सय ८३ प्रस्ताव छनोट गरी काम अघि बढिसकेको स्पष्ट पारे । 'गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना लि, नेपाल ओरियण्ट म्याग्नेसाइट प्रालि, नेपाल मेटल कम्पनी लि, बुटवल धागो कारखाना, विराटनगर जुट मिल्स, हेटौँडा कपडा उद्योगसमेत बन्द भएका सार्वजनिक संस्थान तथा हेटौँडा सिमेन्ट र उदयपुर सिमेन्ट उद्योग जस्ता दुई रुग्ण उद्योगसमेत गरी नौ वटा सार्वजनिक संस्थान सञ्चालनका विकल्प पहिचान गरिएको छ' उनले भने ।

औद्योगिक पूर्वाधार विकास कार्यक्रम अन्तरगत औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा विशेष आर्थिक क्षेत्र निर्माण, विकास तथा सञ्चालन गर्ने गरी प्राथमिकताकासाथ कार्य अगाडि बढाइएको जानकारी गराउँदै मन्त्री भण्डारीले व्यापार लजिस्टिक्स पूर्वाधारको रणनीतिक तथा एकीकृत विकास गर्न लजिस्टिक्स गुरुयोजना तर्जुमा गरी सोही अनुरुप पूर्वाधार विकास गरिने तयारी गरिएको बताए । स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थ, सीप तथा प्रविधिको उपयोग गरी लघु, घरेलु तथा साना उद्योगको प्रवद्र्धन गर्न औद्योगिक ग्रामको निर्माण र विकास गर्ने गरी कार्य अगाडि बढाइएको उल्लेख गर्दै उनले हालसम्म एक सय २० औद्योगिक ग्राम घोषणा भएका, ६ वटा घोषणा हुने क्रममा रहेका तथा सम्बन्धित स्थानीय तहबाट औद्योगिक ग्राम निर्माण र विकासको कार्य भइरहेको स्पष्ट पारे ।

लघु, घरेलु तथा साना उद्योगको प्रवद्र्धन, सीप विकास तथ प्रविधि हस्तान्तरणका लागि कार्यक्रम प्रस्ताव गरिएको जानकारी गराउँदै मन्त्री भण्डारीले विजनेश इन्कुवेसन सेन्टर स्थापना, सीपमूलक कार्यक्रम तथा स्टार्टअप कोष कार्यान्वयन गर्न आगामी आर्थिक वर्षका लागि कार्यक्रम र बजेट प्रस्ताव भएको बताए । उनले उपभोक्ता हित संरक्षण गर्न उपभोक्ता अदालत गठन प्रक्रियाका लागि बजेट विनियोजन गर्नुका साथै बजारमा माग उच्च हुने तथा मूल्य अस्वभाविक रुपमा वृद्धि हुनसक्ने अवस्थालाई दृष्टिगत गरी रणनीतिक रुपमा संयुक्त बजार अनुगमनलाई तीव्रता दिइने बताए । मन्त्री भण्डारीले सूचना र अनुसन्धानमा आधारित बजार अनुगमन प्रणाली कार्यान्वयनमा ल्याउने, संवेदनशील र जोखिमयुक्त बजार क्षेत्रको यकिन तथा विश्लेषण गरी नियमित एवं आकस्मिक अनुगमन गर्ने गरी आगामी आर्थिक वर्षमा बजार अनुगमन गर्ने तयारी गरिएको स्पष्ट पारे । बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा कार्यान्वयन क्षमता, खर्चको मितव्ययिता, आर्थिक पारदर्शीता र वित्तीय अनुशासन समेतलाई जोड दिइएको उनले बताए । रासस

# झापाको पुँजीगत खर्च ६६ प्रतिशत

**झापा ।**
चालु आर्थिक वर्ष २०८०÷८१ को ११ महिनामा झापाको पुँजीगततर्फ ६५ दशमलव ८५ प्रतिशत खर्च भएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय झापाका अनुसार पुँजीगततर्फको विनियोजित पाँच अर्ब २२ करोड ९३ लाख ८१ हजार पाँच सय १७ रुपैयाँ मध्ये तीन अर्ब ४४ करोड ३७ लाख चार सय ८१ रुपैयाँ खर्च भएको हो । चालु आव सकिन एक महिना बाँकी रहँदा चालुतर्फ विनियोजित १५ अर्ब ३३ करोड ५४ लाख ६० हजार आठ सय ९३ रुपैयाँको ८५ दशमलव ०४ प्रतिशत रकम खर्च भएको प्रमुख कोष नियन्त्रक सूर्यबहादुर भण्डारीले जानकारी दिए । उनका अनुसार चालुतर्फ १३ अर्ब चार करोड ११ लाख २९ हजार ४८ रुपैयाँ खर्च भएको छ ।जिल्लाका स्थानीय तहलाई सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त कुल सात अर्ब ५५ करोड ७० लाख ५२ हजार रुपैयाँ अनुदानमध्ये पाँच अर्ब तीन करोड ५५ लाख ६५ हजार तीन सय ९४ रुपैयाँ बजेट खर्च भएको कोष नियन्त्रक भण्डारीले बताए । उनका अनुसार स्थानीय तहलाई प्राप्त समानीकरण अनुदानको ५८ दशमलव ८१ प्रतिशत, चालुतर्फको सशर्त अनुदानको ७४, पुँजीगततर्फको सशर्त अनुदानको ५४ दशमलव २२, विशेष अनुदानमा ५१ दशमलव ६३ र समपूरक अनुदानको ७७ प्रतिशत रकम खर्च भएको छ । स्थानीय तहमा विभिन्न शीर्षकमा आउने अनुदानको रकम अर्थ मन्त्रालयबाट फुकुवा हुन अझै बाँकी रहेको भण्डारीको भनाइ छ । 'आर्थिक वर्षको अन्तिम महिना भएकाले अर्थ मन्त्रालयबाट फुकुवाको पत्र आउनासाथ हामी स्थानीय तहमा रकम पठाउँछौँ' उनले भने । कोष तथा लेखा नियन्त्रक कार्यालयले जिल्लास्थित सबै सरकारी कार्यालय र स्थानीय तहलाई चालुतर्फको भुक्तानी यही असार २० गतेभित्र तथा पुँजीगततर्फको खर्चको भुक्तानी असार २४ गते राति १२ बजेभित्र गरिसक्न सूचना गरेको छ । रासस

# हजबाट ज्यान गुमाउनेको संख्या एक हजारभन्दा बढी

**एएफपी**
**रियाद ।**
यस वर्षको हजबाट ज्यान गुमाउनेको संख्या एक हजार नाघेको एएफपीले बिहीबार जनाएको छ । साउदी अरबमा चरम गर्मीका कारण मृत्यु हुनेमध्ये आधाभन्दा बढी दर्ता नभएका तीर्थयात्रीहरू रहेका थिए । हज यात्रामा मृत्यु हुनेको बिहीबार प्रकाशित नयाँ प्रतिवेदनअनुसार इजिप्टका ५८ जना रहेको अरबका एक कूटनीतिज्ञले बताएका छन् । उनले मृत्यु हुने कूल छ सय ५८ जनामा छ सय ३० दर्ता नगरिएका तीर्थयात्री रहेको बताए । हज तीर्थयात्राको क्रममा लगभग १० देशका एक हजार ८१ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ । इस्लामिक क्यालेन्डरद्वारा निर्धारित समयमा गरिने हज यस वर्ष साउदीको प्रचण्ड गर्मीको समयमा परेको हो ।

राष्ट्रिय मौसम विज्ञान केन्द्रले यस हप्ताको सुरुमा मक्काको ग्रान्ड मस्जिदमा ५१ दशमलव आठ डिग्री सेल्सियसको उच्च तापक्रम रिपोर्ट गरेको थियो । गत महिना प्रकाशित साउदीको एक अध्ययनअनुसार यस क्षेत्रको तापक्रम प्रत्येक दशकमा शून्य दशमलव चार डिग्री सेल्सियसले बढिरहेको छ ।



प्रत्येक वर्ष हजारौँ तीर्थयात्रीले आधिकारिक अनुमतिको महङ्गो शुल्क तिर्न नसक्दा अनियमित माध्यममार्फत हज गर्ने प्रयास गर्छन् ।

साउदीका अधिकारीहरूका अनुसार यस महिनाको सुरुमा मक्काबाट थुप्रै दर्ता नभएका तीर्थयात्रीलाई फिर्ता गरेको भए पनि धेरैले गत शुक्रबार सुरु भएको मुख्य संस्कारमा बिना दर्ता भाग लिएको देखिन्छ । अधिकारीहरूले आधिकारिक अनुमति बिना प्रवेश गर्नेको संख्या धेरै भएपछि तीर्थयात्रीको व्यवस्थापन गर्न नसक्दा यस वर्ष गर्मीको जोखिम बढी भएको बताएका छन् ।

इजिप्टका कूटनीतिज्ञले अत्यधिक गर्मीका कारण उच्च रक्तचाप र अन्य समस्याबाट तीर्थयात्रीहरूको मृत्यु भएको बताएका छन् । इजिप्ट बाहेक, मलेसिया, पाकिस्तान, भारत, जोर्डन, इन्डोनेसिया, इरान, सेनेगल, ट्युनिसिया र इराकको स्वायत्त कुर्दिस्तानले पनि आफ्नो नागरिकको मृत्यु रिपोर्ट गरेको छ । मृतकका परिवार र आफन्तहरूले अझै बेपत्ता भएका तीर्थयात्रीहरूको खोजी गरिरहेका छन् ।

# विश्वकप क्रिकेट खेलेर नेपाली टोली स्वदेश फर्कियो



**मधेशदृष्टि**
**काठमाडौँ ।**
आइसिसी टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिता प्रतियोगिताको समूह चरणको खेल खेलेर नेपाली क्रिकेट टोली बिहीबार स्वदेश फर्किएका छन् । अमेरिका र वेस्टइण्डिजमा भएको विश्वकप क्रिकेट प्रतियोगितामा नेपालले चार खेल खेलेकोमा तीनमा हार तथा एक खेल बराबरी खेलेको थियो । नेपाली टोलीलाई क्यानका पदाधिकारीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थालमा स्वागत गरेका थिए । विश्वकप क्रिकेटमा नेपाल समूह डि मा परेको थियो । नेपालको समूहमा दक्षिण अफ्रिका, बङ्गलादेश, श्रीलङ्का र नेदरल्यान्ड्स रहेका थिए । नेपालले अमेरिकामा दुई खेल र वेस्टइण्डिजमा समान दुई खेल खेलको थियो । अमेरिकामा भएको आफनो पहिलो खेलमा नेपाल नेदरल्यान्ड्सँग ६ विकेटले पराजित भएको थियो ।

त्यस्तै श्रीलङ्कविरुद्धको दोस्रो खेल वर्षाका कारण रद्ध भएसँगै दुवै टोलीले समान एकर एक अङ्क बाँडेका थिए । त्यसपछि वेस्टइण्डिजमा भएको दक्षिण अफ्रिकाविरुद्धको खेलमा नेपाल एक रनको झिनो अन्तरले पराजित भएको थियो । त्यस्तै समूह चरणको अन्तिम खेलमा नेपाल बङ्गलादेशसँग २१ रनले पराजित भएसँगै नेपालको विश्वकप यात्रा समाप्त भएको थियो । विश्वकपमा नेपालसँगै श्रीलङ्का र नेदरल्यान्डस् प्रतियोगिताबाट बाहिरिएका थिए । त्यस्तै दक्षिण अफ्रिका र बङ्गलादेश भने सुपर आठमा पुगे । दक्षिण अफ्रिका समूह डि को शीर्ष र बङ्गलादेश दोस्रो स्थानमा रहदै सुपर आठमा पुगेका हुन ।

# भारतमा विषाक्त मदिरा पिउँदा ३४ जनाको मृत्यु

**एएफपी**
**मुम्बई ।**
भारतमा विषाक्त अवैध रक्सीको सेवनबाटे कम्तिमा ३४ जनाको ज्यान गएको साथै एक सयभन्दा बढीलाई अस्पताल भर्ना गरिएको तमिलनाडु राज्यका अधिकारीले बिहीबार सञ्चारमाध्यमलाई जानकारी गराएका छन् । स्थानीय रूपमा उत्पादन गरिएको उक्त पेय पदार्थ घातक मिश्रण विषाक्त मेथानोलले भरिएको मुख्यमन्त्री स्टालिनलाई उद्धृत गरी पिटिआईले जनाएको छ । घटनासँग दोषी भनिएका आरोपितलाई प्रहरीले पक्राउ गरी अनुसन्धान सुरू गरेको मुख्यामन्त्री स्टालिनले बताए । अपराधले समाजलाई बर्बाद गर्ने बताउँदै यस्ता घटनामा संलग्न सबैलाई कडा कानुनी कारबाही हुने उहाँले बताउनुभएको मुख्यामन्त्रीको कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।



मदीराको शक्ति बढाउनका लागि रक्सीमा प्रायः मेथानोल मिसाइन्छ, जसले अन्धोपन, कलेजोको क्षति र मृत्यु निम्त्याउन सक्छ ।

घटनासँग सम्बन्धित १०० भन्दा बढी व्यक्ति अस्पतालमा भर्ना भएका राज्यको कल्लाकुरिची जिल्लाका शीर्ष सरकारी अधिकारी प्रशान्तलाई भारतीय सञ्चारमाध्यमले उद्धृत गरेका छन् । तामिलनाडुका राज्यपालले सामजिक सञ्जाल एक्समा धेरै पीडितको स्वास्थ्य गम्भीर अवस्थामा रहेको उल्लेख गर्दै मृतकप्रति गहिरो शोक व्यक्त गरे । गत वर्ष पूर्वी भारतीय राज्य बिहारमा विषाक्त मदिरा सेवन गर्दा कम्तीमा २७ जनाको मृत्यु भएको थियो भने सन् २०२२ मा गुजरातमा कम्तीमा ४२ जनाको मृत्यु भएको थियो ।

# भारतीय दूतावासको आयोजनामा लुम्बिनीमा योगाभ्यास



**भैरहवा ।**
अन्तर्राष्ट्रिय योग दिवसको पूर्वसन्ध्यामा भारतीय दूतावासको आयोजनामा बिहीबार लुम्बिनीमा योगाभ्यास सम्पन्न भएको छ । योगाभ्यास कार्यक्रमको उद्घाटन लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले गरे । सो कार्यक्रममा उनले बुद्धले शान्ति, करुणा र समझदारीको मार्गमा अग्रसर गराउनुका साथै मानव जीवनमा योग र ध्यानको महत्वबारे प्रकाश पारेका थिए ।

उनले पूर्वीय सभ्यतासँग जोडिएको योग आज विश्वभर एक सशक्त स्वास्थ्य र कल्याणको मार्गका रूपमा प्रख्यात हुँदै गएको औँल्याए । 'यो केवल शारीरिक अभ्यास मात्र नभएर मानसिक शान्ति, आत्म–अन्वेषण र समग्र स्वास्थ्यको एक महत्त्वपूर्ण प्रणाली हो', मुख्यमन्त्री महराले भने, 'योगले हामीलाई आत्मज्ञान हासिल गर्न, मानसिक सन्तुलन कायम गर्न तथा एकता र करुणाको भावना जागृत गर्न सहयोग पुर्याउँछ ।'

'स्वास्थ्यका लागि योग' विश्वव्यापी चुनौती सामना गरिरहँदा अझ सान्दर्भिक रहेको महराको भनाइ छ । 'योगले हाम्रो शारीरिक स्वास्थ्य बलियो बनाउने, प्रतिरोधात्मक क्षमता बढाउने र मानसिक दृढता बढाउने महत्त्वपूर्ण साधनको रूपमा काम गरिरहेको छ, यसले हामीलाई तनाव, चिन्ता र अन्योलका बेला सामन्जस्य गर्न मद्दत पुर्याएको छ', उनले भने ।

महाराले लुम्बिनी प्रदेश सरकार नागरिकहरूको स्वास्थ्य र कल्याण प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको जनाए । योगका फाइदालाई स्वीकार्दै, सार्वजनिक स्वास्थ्यसम्बन्धी पहलमा समावेश गर्न र प्रत्येक व्यक्तिलाई योगलाई आफ्नो दैनिक जीवनमा समावेश गर्न प्रेरित गरिरहेको उनले बताए । सोही कार्यक्रममा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले अन्तर्राष्ट्रिय योग दिवसको पूर्वसन्ध्यामा प्रत्येक वर्ष लुम्बिनीमा योग दिवस मनाउँदै आएको बताए । उनले यस पटकसमेत गरि लुम्बिनीमा यो तेश्रो पटक दिवस मनाइएको र यसलाई दूतावासले प्रत्येक वर्ष मनाउने जानकारी दिए । सन् २०१४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको प्रस्तावमा संयुक्त राष्ट्रसंघले अनुमोदन गरेयता यसलाई मनाइँदै आएको उनले बताए ।

'यसपटक यो दिवस यस अर्थमा पनि विशेष यसकारण छ किनकि हामीले यसका दशौँ वर्ष पूरा गरेका छौँ', राजदूत श्रीवास्तवले भने, 'यो योग दिवस मनाउने कारणले योगलाई एक अन्तर्राष्ट्रियस्तरको मञ्च पाइएको छ ।' नेपाल र भारतमा योग प्राचीनकालदेखि नै गरिँदै आएको जनाउँदै उनले दुवै देशको साझा संस्कृतिको अङ्ग रहेको जिकिर गरे । गौतमबुद्धको जन्मस्थल लुम्बिनी एक महत्त्वपूर्ण तीर्थस्थल रहेको र भारतमा रहेका विभिन्न बौद्धसँग सम्बन्धित स्थलसँग जोडेर यसलाई तीर्थस्थल सर्किटका रूपमा विकसित गर्न आवश्यक रहेको औँल्याए । यसैको प्रयासस्वरुप लुम्बिनी विकास कोषसँगको सहकार्यमा विभिन्न पर्यटकीय गतिविधिमा दूतावासले साझेदारी गरेको उनको भनाइ थियो । भारतको प्रयासस्वरुप नै अहिले लुम्बिनीमा भारतीय पर्यटकको आगमन गत वर्षहरूभन्दा बढ्दै गएको उनको भनाइ थियो । लुम्बिनीको लिटल बुद्धको प्रतिमा अगाडि आयोजित योगाभ्यास कार्यक्रममा मुख्यमन्त्री महरा, राजदूत श्रीवास्तवसहित पूर्वमन्त्रीहरू हृदयेशकुमार त्रिपाठी, देवेन्द्रराज कँडेललगायत पाँच सय बढी योग साधकको सहभागिता रहेको थियो । रासस

# पूर्वाधार निर्माणमा जनसहभागिता आवश्यकः यमी



**काठमाडौँ ।**
पूर्वमन्त्री एवम् नेपाल समाजवादी पार्टीकी नेत्री हिसिला यमीले दिगो विकासका लागि भौतिक पूर्वाधार निर्माणमा राजनीतिक नेतृत्वसँगै जनसहभागिता पनि आवश्यक रहेको बताएका छन् । राष्ट्रिय समाचार समिति (रासस)द्वारा गणतन्त्र दिवस–२०८१ का अवसरमा आयोजित 'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' शीर्षकको तस्बिर प्रदर्शनीको बुधबार अवलोकनपछि उनले भने, 'कुनै पनि क्षेत्रको दिगो विकासका लागि भौतिक या अन्य पूर्वाधारको निर्माणलाई स्थानीयतासँग जोड्नुपर्छ र यसमा जनताको अधिक सहभागिता हुनुपर्छ ।'

नेत्री यमीले भौतिक पूर्वाधारको निर्माणलाई स्थानीयको सहभागितासँग जो ेडेर मात्र अघि बढाउनुपर्ने र सो पूर्वाधारको विकासमा हरेक नागरिकले अपनत्व ग्रहण गर्न सक्ने हुनुपर्ने आवश्यकता पनि औँल्याए । 'विकासमात्र गरेर पुग्दैन यसलाई अपनत्वसहित तल्लोतहसम्म व्यक्तिको जनजीवन र सीपसँग जोडनुपर्छ । निर्यातसँग पनि जोडनुपर्छ । सबै प्याकेजमा हुनुपर्छ', नेत्री यमीले भने । उनले देशभरका विभिन्न स्थानमा सडक सञ्जाल पुगेको र सडक पुगेसँगै कतिपय जिल्लामा एकतर्फी रूपमा बाह्य आयात वृद्धि भएको अवस्था औँल्याउँदै सडक मार्गको विकास र विस्तारपछि बसाइँसराइ बढेको तर स्थानीय परम्परागत सीप र सामग्रीको विकास निर्यात हुन भने नसकेको भन्दै यसबारेमा पनि अब सोच्नुपर्ने धारणा राखे । उनले अधिकांश सडकमार्ग सुरक्षित एवम् राम्ररी सवारी यात्रा गर्ने अवस्थामा नरहेकाले यसको स्तरोन्नति र विकासमा सम्बद्ध निकायको ध्यान पुग्नुपर्ने बताए ।

नेत्री यमीले सडक सञ्जाल विस्तारलाई स्थानीय उत्पादन र व्यापारसँग जोड्न सकिने सुझाव दिँदै भने, 'बृहत रूपमा हेर्दा केही भएको देखिन्छ । तर सुक्ष्म रूपले हेर्दा सेवा प्रावह पुगिरहेको छैन । सडक निर्माण र विस्तारमा मात्रै पनि सरकारले धेरै लगानी गरेको छ । जनताले के पाए ? हामीले सडक पुगेका ठाउँबाट के निर्यात गर्न सकेका छौं ? 'माइक्रो' र 'म्याक्रो' दुवैको संयोजनबाट मात्र विकास हुनुपर्छ ।'

उनले पूर्वाधार निर्माणलाई आर्थिक व्यवहारिकतासँग पनि जोड्न सक्नुपर्ने बताए । देशभर पूर्वाधार निर्माण भएको र यसपछि पनि स्थानीय नागरिक यसबाट लाभान्वित हुन नसकिरहेकाले भौतिक पूर्वाधारलाई आर्थिक व्यवहारिकतासँग जोड्न आवश्यक रहेको उनको सुझाव थियो ।

यसका लागि आवश्यक वातावरण बनाउन राजनीतिक नेतृत्व जिम्मेवार हुनुपर्ने उनको भनाइ थियो । पूर्वमन्त्री यमीलाई राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा र महाप्रबन्धक सिद्धराज राईले तस्बिर प्रदर्शनीमा राखिएका तस्बिरहरूबारे अवगत गराएका थिए । गत जेठ १० गतेदेखि सुरु भएको प्रदर्शनी यही असार १० गतेसम्म सञ्चालन हुनेछ । रासस

# कालीगण्डकी र शालग्राम संरक्षणका लागि नागरिक–अभियान

**म्याग्दी ।**
कालीगण्डकी नदीलाई प्रदुषणमुक्त बनाई धार्मिक र आर्थिक महत्वले युक्त मानिएको शालग्राम शिलाको संरक्षणका लागि जनस्तरबाट स्वःस्फुर्त रूपमा नागरिक–अभियान सञ्चालन गरिएको छ । धार्मिक, आर्थिक र पर्यावरणीय दृष्टिकोणले समेत महत्वपूर्ण मानिएको कालीगण्डकी नदीमा मात्रै पाइने बहुमूल्य शिला शालिग्राम चोरी निकारी र अवैधरूपमा गरिएको व्यापक नदी दोहनका कारण मासिँदै जान थालेपछि म्याग्दीका नागरिकले यसको संरक्षणका लागि अभियान सञ्चालन गरेका हुन् । शालिग्राम संरक्षण अभियानले शालिग्रामको चोरी निकासी र दोहन रोकेर संरक्षणका लागि समुदायमा सन्देश प्रवाह गराउने तथा सरोकारवालालाई दबाब दिन कालीगण्डकीको शिलाहरूमा हिन्दूहरुले पुज्दै र मान्दै आएका देवीदेवता तथा भगवानको नाम लेख्ने अभियान चलाएको हो । 'कालीगण्डकी नदीलाई प्रदूषणमुक्त बनाउन र विश्वमा नै खोजिने तर कालीगण्डकी नदीमा मात्रै पाइने शालग्राम शिलाको संरक्षण गर्न हामीले कालीगण्डकी बचाउँ र शालग्राम जोगाउँ अभियान संचालन गरेका हौँ' कालीगण्डकी तथा शालग्राम संरक्षण समितिका संयोजक तथा अभियन्ता नेत्रबहादुर महतले भने । कालीगण्डकी नदी र शालिग्राम शिलालाई विश्व सम्पदा सूचीमा समावेश गर्न, नदीको स्वच्छता र पवित्रता कायम गरी प्रकृति र पर्यावरणको जगेर्ना गर्ने अभियानको उद्देश्य रहेको संयोजक महतले बताए । अभियानअन्तर्गत गत सोमबार म्याग्दी र कालीगण्डकी नदीको दोभानमा सरसफाइ गरिनुका साथै त्यहाँ रहेका शिला (पत्थर)हरुमा शालग्रामका विभिन्न पर्यायवाची नामसँग सम्वन्धित देवीदेवताहरुको नाम लेखिएको छ । इनामेल र विभिन्न रङको प्रयोग गरेर शिलामा भगवान र दवीदेवताका नाम लेखिएको संयोजक महतको भनाइ छ । अभियानमा सर्वसाधारण, साधु, सन्त र पर्यावरणप्रेमी नागरिकहरूको संलग्नता रहेको छ । अभियन्ताहरुले कालीगण्डकी तटका शिलाहरुमा हरहर गङ्गे, मच्छेमूर्ति, महाकुर्ममूर्ति, बराहमूर्ति, लक्ष्मीनारायण लगायत देवीदेउताका नाम लेखेका छन् । सोही अवसरमा दुई नदीको दोभानमा सरसफाई गर्नुका साथै भजनकीर्तन र कविता वाचन समेत गरिएको थियो । 'संसारभरका हिन्दू धर्मावलम्बीहरुले शालग्राम शिलालाई भगवान् विष्णुको अंशका रूपमा पुज्ने गर्छन्' संयोजक महतले भने, 'कालीगण्डकी नदीमा मात्र पाइने धार्मिक, आर्थिक र जैविक महत्वले युक्त यो शिला कालीगण्डकीमा बढ्दो प्रदुषण, गैरकानुनी रूपमा अवैज्ञानिक तरिकाले गरिने नदी उत्खनन र चोरी निकासीका कारण संकटमा पर्दै लोपोन्मुख अवस्थामा पुगेकोले यसको संरक्षणका लागि नागरिक स्तरबाट यो अभियान संचालन गरेका हौँ ।' 'कालीगण्डकी बचाऔँ अभियान' र 'प्रकृति, पर्यावरण र शालिग्राम संरक्षण समिति'मा आबद्ध अभियानीहरूले गत जेठ ६ गतेदेखि म्याग्दीको प्रसिद्ध गलेश्वरधामबाट बागलुङ हुँदै पर्वतको मोदीवेणीधाम सम्मको क्षेत्रमा अवस्थित प्रमुख धर्मघाटहरूमा शालिग्राम भगवानका नाम शिलाङ्कित गरेका छन् । गण्डकी स्नान गरी हरिहर सङ्कृतनका साथ शिलाहरूमा भगवानका नाम अङ्कित गरिएको अभियानका प्रवक्ता रेमबहादुर खत्रीले बताए । कालीगण्डकी नदीको पवित्रता एवम् चक्राङ्कित र निष्चक्राङ्कित शालिग्राम शिला र नदी संरक्षणको सन्देश दिनु पनि अभियानको उद्देश्य रहेको उनको भनाइरहेको छ । 'प्रदूषण र उत्खनन्का कारण कालीगण्डकी नदीको जलचक्र प्रणाली नै प्रभावित भएको छ, कालीगण्डकीसँगै शालग्रामको समेत अस्तित्व सङ्कटमा छ । कालीगण्डकी नदी र शालग्राम संरक्षणमा सरोकारवाला निकायहरुको पनि ध्यानाकर्षण होओस् र जनस्तरमा सन्देश पनि पुगोस् भनेर यो अभियान थालिएको हो', प्रवक्ता खत्रीले भने, 'सभ्यता बोकेको नदी मानवीय अतिक्रमणको चपेटमा छ, यसतर्फ बेलैमा सबैको ध्यान जानु जरुरी छ ।' नदी र खोलाका किनारैकिनार खनिएका सडक, अव्यवस्थित सहरीकरण र विकास गतिविधि, प्रकृति दोहन आदि कारणले मानव र प्राणी जगत जोखिममा परेको उनले बताए । म्याग्दी, पर्वत र बागलुङ जिल्लामा पर्ने कालीगण्डकी नदी आसपासका क्षेत्रहरुबाट व्यापकरूपमा कालीगण्डकी नदी दोहन भइरहेको र नदीको प्राकृतिक बहाव परिवर्तन हुनुका साथै शालग्राम शिलाको समेत नास भैरहेको अर्का अभियन्ता यामबहादुर घिमिरेले बताए । कालीगण्डकी नदी किनारका आनन्द बगर, फोर्से, सती बगर, राजा बगर, सहश्रधारालगायत क्षेत्रमा सञ्चालित दर्जनौँ क्रसर उद्योगले मनोमानी नदीजन्य पदार्थ उत्खनन् गर्दै आएका स्थानीयको भनाइरहेको छ । अव्यवस्थित उत्खनन्का कारण नदी कुरुप बन्दै गएको मात्र छैन, ठाउँठाउँमा नदीको धार नै परिवर्तन भइरहेको घिमिरेले बताए । 'भौतिक विकास र पूर्वाधार निर्माणका लागि नदीजन्य पदार्थको आवश्यकता पर्छ भन्नेकुरा थाहाँ छ, तर नदीका ढुङ्गा, वालुवा रातारात गैरकानुनीरुपले निकालेर केही व्यक्तिहरु मोटाउने र प्राकृतिक सम्पदाहरुको नास गर्ने काम अनुचित हो' अभियन्ता गौरव शर्माले भने, 'गिट्टी, बालुवाका लागि खानीको विकास गर्नुपर्छ, 'ड्याम' बनाएर सङ्कलित नदीजन्य पदार्थलाई प्राधिकरणमार्फत वितरण गर्ने व्यवस्था सरकारले मिलाउनुपर्छ ।' कालीगण्डकीको जलाधार क्षेत्रमा आठ हजार मिटरभन्दा अग्ला तीनवटा हिमालय पर्वत श्रृङ्खला धवलागिरि, अन्नपूर्ण र मनाश्लु रहेका छन् भने आठ हजारदेखि छ हजार मिटरसम्मका दुई दर्जनभन्दा धेरै हिमशिखर रहेका छन् । कालीगण्डकीको जलाधार क्षेत्रमा मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, स्याङ्जा, गुल्मी, पाल्पा, तनहुँ, नवलपुर, नवलपरासी गरी १० जिल्ला रहेका छन् । नदीको अप्राकृतिक दोहनले मुक्तिनाथदेखि देवघाटसम्म कालीगण्डकी तटमा रहेका दर्जनौँ तीर्थस्थलसमेत संकटमा परेका छन् । हिमालय क्षेत्रको दामोदरकुण्ड, मुस्ताङको मुक्तिक्षेत्र हुँदै दक्षिण बग्ने कालीगण्डकीसँग आफ्नै प्राचीन सभ्यता छ । यससँग जोडिएको हिमालय सभ्यताको पौराणिक तथा धार्मिक साहित्यमा चर्चा गरिएको पाइन्छ । यस क्षेत्रका फाँटहरूमा प्राचीनकालदेखि नै सांस्कृतिक गतिविधि हुने गरेको विभिन्न धर्मग्रन्थहरूमा उल्लेख छ । चिनियाँहरूले रेशम व्यापारका क्रममा हिमालय भञ्ज्याङ पार गरी कालीगण्डकीको किनारैकिनार पोखरा, पाल्पा, तानसेन, लुम्बिनी हुँदै भारतसम्मको यात्रा गरेको इतिहासमा उल्लेख छ । कालीगण्डकी नदीको वातावरणीय र पारिस्थितिक स्थितिमा नै खतरा उत्पन्न हुने गरी भइरहेको नदी दोहनका कारण कालीगण्डकी नदीको जलचक्र प्रणाली पनि खल्बलिदा शालिग्रामको अस्तित्व सङ्कटमा पर्दै गएको वातावरण संरक्षणकर्मीहरुको भनाइ रहेको छ । नदीबाट जथाभावी डोजर र स्काभेटरको प्रयोग गरी गिटी, बालुवा र ढुङ्गा निकाल्दा धार्मिक र आर्थिक महत्वले युक्त शालिग्राम शिला गिट्टीमा परिणत हुँदै गएका शालिग्रामका अध्येता रंगराज आचार्यले बताउनुभयो । कालीगण्डकीको शिर मुक्तिनाथ र दामोदरकुण्डलाई हिन्दू र बौद्धमार्गी दुवैले पवित्र क्षेत्र मान्दछन् ।

### शालग्राम शिलाको महत्व

शालग्राम शिलाको धार्मिक, आर्थिक र जैविक महत्व रहेको भए पनि सबैभन्दा बढी धार्मिक महत्वको चर्चा गर्ने गरिन्छ । शालग्राम शिलाको अध्यता रंगराज आचार्यका अनुसार भगवान विष्णु पतिव्रता वृन्दाको श्रापका कारणले शिलास्वरूप भई गण्डकी क्षेत्रमा रहनु भएकाले शालिग्रामलाई भगवान विष्णुको अंश मानेर हिन्दू धर्मावलम्बीहरूले पूजा गर्छन् । पञ्चतत्वले बनेको मानव शरीर संरक्षण र सम्वर्धन गर्न गणेश, शिव, विष्णु, देवी, सूर्यस्वरूप पाञ्चायन पूजा गर्ने गरिन्छ । शालिग्रामको जल, कुशको आसन, मुखमा तुलसी रहेमा जतिसुकै पापी भए पनि त्यो व्यक्तिको पुनः जन्म नहुने विष्णुपुराणमा उल्लेख गरिएको छ । ब्रह्माण्ड पुराणमा पनि शालिग्रामबारे निकै चर्चा भएको छ । ब्रह्माण्ड पुराणमा शालिग्रामको आकार, लक्षण र वर्णको विस्तारपूर्वक वर्णन गरिएको छ । शालिग्रामको परिमाण र आकारका विषयमा पनि चर्चा भएको छ । ब्रह्माण्ड पुराणमा उल्लेख भएअनुसार शालिग्राम पूजाबाट जीवनको परम उद्देश्य धर्म, अर्थ, काम र मोक्ष चारै किसिमका पुरुषार्थ प्राप्त हुन्छन् । शालिग्राममा प्राकृतिक रूपमा नै शंख, चक्र, गदा, पद्म आकार कुदिएको पाइन्छ । यस्ता चिन्ह अङ्कित शिला अत्यन्त कम मात्रामा भेटिने र ती बहुमूल्य हुने आचार्यले जानकारी दिए । स्कन्दपुराणमा उल्लेख भए अनुसार यस्ता शिलाबाट सर्पभय, अग्निभय, दुःख, दारिद्र्य नास हुन्छ । केवल पद्म आकारको शिला पनि शुभदायक हुन्छ । कुनै शिलालाई वराहशिला भनिन्छ । शूल र कमलको चिह्न अंकित शिलालाई 'वैनतेय' शिला भनिन्छ ।




### आर्थिक महत्व

शालिग्राम केवल धार्मिक महत्वले मात्रै होइन, आर्थिक दृष्टिकोणले समेत अत्यन्त महत्वपूर्ण मानिन्छ । शालिग्रामभित्र सुनलगायतका बहुमूल्य धातुहरू हुने भएकाले विशेषगरी भारतीय मूलका व्यक्तिहरूले दामोदरकुण्डदेखि गुल्मीको रिडीसम्मको कालीगण्डकी क्षेत्रबाट व्यापकरूपमा शालिग्रामको चोरी निकासी गरिरहेका गुनासाहरू आए पनि नेपाल सरकारले शालिग्रामको चोरी निकासी नियन्त्रण गर्न सकिरहेको छैन । कालीगण्डकीको शालिग्राम पछिल्लो समय भारत हुँदै तेस्रो मुलुक (युरोप, अमेरिका) तिर निर्यात भइरहेको भन्ने व्यापक गुनासो सुनिन थालेको नीलकण्ठ शर्माले बताए । तेस्रो मुलुकमा शालिग्राम महङ्गो मूल्यमा बिक्री हुने गरेको बताइएको छ । त्यहाँ संगमरमरको बीचबीचमा शालिग्राम शिला बिछ्याइने गरिएको, शालिग्रामलाई फोडेर धातु निकाल्ने गरिएको जानकारहरूले बताएका छन् । नेपाल र भारतमै पनि चिल्लो कालो एउटै शालिग्राम लाखौंको मूल्यमा बिक्री हुने गरेको शालिग्रामको महत्वलाई बुझ्नुभएका म्याग्दीका पण्डित भीमनाथ पराजुलीले बताए । शालिग्राममा देखिने विभिन्न प्रकारका रेखा तथा चक्र कुनै व्यक्ति विशेषले बनाएको नभई गङ्गामा पाइने एक प्रकारको कीराले बनाउने उनले जानकारी दिए । पं कृष्णप्रसाद सुवेदीले शालिग्रामको महत्व धेरै भए पनि त्यसको अवैध चोरी निकासी बढ्दै गएको बताए ।

कालीगण्डकीमा मात्र पाइने शालिग्राम विभिन्न माध्यम हुँदै छिमेकी मुलुक भारतका ठूलाठूला धार्मिक स्थलसम्म पुग्ने गरेका उनको भनाइ छ । केही दिनअघि उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका–१ चराङबाट लुकाइछिपाइ जोमसोमतर्फ ल्याउँदै गरेको अवस्थामा १५ वटा बोरामा राखिएका तीन हजार तीन सय ७९ वटा शालिग्राम प्रहरी चौकी घमीले बरामद गरेको छ । जीपमा राखेर जोमसोमतर्फ ल्याउँदै गरेको अवस्थामा प्रहरी चौकी घमीले शालिग्राम बरामद गरेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी नायव उपरिक्षक भोजराज पाण्डेले जानकारी दिनुभएको छ । प्रनाउ पाण्डेका अनुसार मुस्ताङमा यति ठूलो संख्यामा शालिग्राम बरामद भएको यो पहिलो घटना हो ।

### शालग्रामको आयुर्वेदिक महत्व

धार्मिक र आर्थिक दृष्टिकोणबाट मात्रै नभई शालिग्राम मानव स्वास्थ्यका लागि समेत अत्यन्त महत्वपूर्ण रहेको बताइएको छ । शालिग्राम छोइएको पानी पिउँदा शरीरलाई समेत फाइदा पु¥याउने पण्डित पराजुलीको भनाइ छ । 'यसमा विभिन्न धातु मिसिएका हुन्छन्, त्यसैले वैज्ञानिकहरूले पनि शालिग्राममा भिजाएको पानी पिउनयोग्य हुने प्रमाणित गरेका छन्', पराजुलीले भने । आयुर्वेदिक चिकित्सकहरूले पनि पानीमा शालिग्राम डुबाएर राख्ने र आधा घण्टापछि त्यो पानी सेवन गर्ने हो भने अम्लपित्त, कफ, पेटका विकार, चर्मरोगलगायतका रोगहरू निको हुने बताउँछन् ।

आयुर्वेदिक चिकित्सक विष्णु सापकोटाका अनुसार नियमित रूपमा एक महिनासम्म शालिग्राममा तुलसीको पात राखेर एक लिटर पानीमा डुबाएर आधा घण्टापछि त्यो पानी सेवन गर्ने हो भने ग्याष्ट्रिकलगायत पेटका विकारसम्बन्धी सम्पूर्ण रोगबाट छुट्कारा पाउन सकिन्छ ।

# सर्पदंशका घटना बढ्यो
# एन्टी स्नेक भेनमका लागि भारतको भर

आफ्नो देशमा पनि एन्टी स्नेक भेनम खोप उत्पादनको सम्भावना हुँदा–हुँदै पनि भारतको मुख ताक्नुपर्ने अवस्था छ । भारत र नेपालमा पाइने सर्पको विषको अवस्था फरक–फरक रहेका कारण त्यहाँबाट ल्याइएको एन्टी स्नेक भेनम पूर्ण रुपमा प्रभावकारी नरहेको विज्ञहरूको भनाइ छ ।



**अफरोज अर्पण**
**वीरगंज ।**
बढ्दो गर्मी र मनसुनका कारण तराई मधेशमा सर्पदंशका घटना बढ्न थालेका छन् । गर्मीयाममा तराई क्षेत्रमा सर्पदंशका घटना बढी हुने गरेको छ । बेला बेलमा पानी पानी पर्ने र तराईमा गर्मी पनि बढी हुने भएकाले सर्प बाहिर निस्कने गरेको विज्ञहरु बताउँछन् । पर्सा, बारा, रौतहटलगायत मधेशका जिल्लामा गएकाले आहाराको खोजीमा मानिसको घरभित्र पस्न थालेपछि सर्पदंशका घटना बढ्न थालेको विज्ञ बताउँछन् । सबै सर्प विषालु हुँदैनन्, तर जुन सुकै सर्पले डसेपनि विमारीलाई अस्पताल पुर्याउनु पर्छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकु, काठमाडौँका अनुसार नेपालमा सर्पदंशका कारण हुने मृत्यु मध्ये ४० प्रतिशत समुदायमा, ४० प्रतिशतको उपचारको क्रममा बाटोमा र ह्यौ, बाँघे, तिरिसेजस्ता सर्प विषालु हुन्छन् । सिरिसे, सुगीया, इन्द्रेनी र उड्ने सर्प कम विषालु हुन्छन् भने डोरिया, सुगुवा (हरहरा), तेलियाँ, धामनलगायत तराईमा पाइने १४ जातका सर्प विषालु नहुने बताइएको छ । सबै सर्प विषालु हुँदैनन् । तर यो भन्दैमा हामी सर्प विषालु हो, होइन आफैं छुट्याउनु हुँदैन । सर्पले डस्ने बित्तिकै जति सक्यो छिटो सर्पदंश उपचार केन्द्रमा पुग्नुपर्छ ।

कलैयास्थित प्रादेशिक जिल्ला



सर्पदंशका कारण उपचार गराउन अस्पताल जानेहरुको संख्या बढ्न थालेको छ । वीरगंजको नारायणी अस्पतालमा दैनिक ५÷६ जना सर्पदशंका घाइतेहरु उपचारका लागि पुग्ने गरेका छन् । प्रचण्ड गर्मीका कारण जमिनको सतह मुनि लुकेर बसेका विषालु सर्प बाहिर निस्कदा सर्पदंशको घटना बढेको नारायणी अस्पतालका इमरजेन्सी वार्डका इन्चार्ज प्रल्हाद साह बताउँछन् । अहिले नारायणीमा सर्पले टोकेका विरामीको उपचारमा कुनै समस्या नभएको इन्चार्ज साहको भनाई छ । उनले भने, 'हामीसँग अहिले दुई सयभन्दा बढी एन्टी स्नेक भेनम औषधि छ । खासै समस्या छैन । अस्पताल आउने सबैलाई भेनम आवश्यक हुँदैन् । जरुरी हुनेलाई हामीले दिइरहेका छौँ ।'

गर्मी तथा वर्षातको समयमा सर्पदंशका घटना बढी हुने गरेका छन् । अधिकांशलाई खेतबारीमा काम गर्न जाँदा, घास दाउरा गर्न जादा, गाउँघरमा फुस, खपडा र माटोले बनाइएको घरमा पनि सर्पले डस्ने गरेको छ । उज्यालोमा टोक्दा सर्पको पहिचान हुन्छ तर राति टोक्दा सर्पको पहिचान हुन नसक्दा कतिपय विरामी अतिन्छन् । सर्पको बासस्थान मासिँदै २० प्रतिशतको ढिलो स्वास्थ्य संस्था पुर्याउँदा मृत्यु हुने गरेको छ । सर्पदंशका घटना घट्ने गरेपनि उपचारका लागि अस्पताल आउने अधिकांश बिरामीलाई विष नभएको सर्पले डस्ने गरेको पाइएको नारायणीका इमरजेन्सी इन्चार्ज साहले बताए । 'सर्पले डसेपछि मानिस आत्तिएर अस्पतालमा आउन्छन् तर अधिकांशलाई विष नभएको सर्पले डसेको हुन्छ,' उनले भने, 'अस्पतालमा आउने दशजना बिरामीमध्ये एक–दुई जना बिरामीलाई मात्र विषालु सर्पले डस्ने गरेको पाइएको छ ।' सर्पका प्रजातिमध्ये यस क्षेत्रमा सबैभन्दा गोमन (कोब्रा) र करेत प्रजातिका विषालु सर्पले मानिसलाई डस्ने गरेका छन् । खाली खुट्टा हिँड्ने, बिहान खेतमा शौच गर्न जाने र खेतामा हिड्ने, काम गर्ने पुरुषलाई सर्पले डस्ने गरेको घटनाले देखाएको छ । अहिलेको समयमा अध्याँरोमा हिँडडुल गर्दा सजगता अपनाउनु पर्ने उनी बताउँछन् । सर्पले डसेको बिरामीलाई विषको मात्रा हेरेर एन्टीस्नेक भेनमको डोज लगाउने गरिन्छ । सुत्दा झुलको प्रयोग गर्न, सर्प लुक्ने सक्ने ठाउँको पहिचान र रातमा हिँड्नुपरे टर्च बालेर हिँड्न पनि डा. साहको सुझाव छ ।

चुरे पर्वती फेदी तथा भावर क्षेत्र र तराईका फाँटमा पाइने गनग्वारी गोमन, राजगोमन, कमन करेत, पनिया, राज, अस्पतालमा अहिले पनि एक दुई जना सर्पले डसेका बिरामी आकस्मिक कक्षमा उपचाररत रहेको अस्पतालका सूचना अधिकारी प्रेस कुमार पण्डित बताउँछन् । 'कहिले कति विरामी आउँछन् त्यो भन्न सकिन्न् तर गर्मीमा सर्पदंशका विरामी बढेका छन् । हामीसँग प्रयाप्त एन्टी स्नेक भेनमको डोज छ ।' सूचना अधिकारी पण्डितले भने, 'सर्पले डस्नेबित्तिकै सबैलाई एन्टी स्नेक भेनम दिनुपर्छ भन्ने छैन,' उनले भने, 'त्यस्तो लक्षण देखिनेबित्तिकै हामी लगाउँछौं । विषालु सर्प रहेको पक्का हुनेबित्तिकै हामीले एन्टी स्नेक भेनम लगाउने गर्छौं ।'

**एन्टी स्नेक भेनम उत्पादको अवस्था**

आफ्नो देशमा पनि एन्टी स्नेक भेनम खोप उत्पादनको सम्भावना हुँदा–हुँदै पनि भारतको मुख ताक्नुपर्ने अवस्था छ ।

भारत र नेपालमा पाइने सर्पको विषको अवस्था फरक–फरक रहेका कारण त्यहाँबाट ल्याइएको एन्टी स्नेक भेनम पूर्ण रूपमा प्रभावकारी नरहेको विज्ञहरूको भनाइ छ । देशमै एन्टी स्नेक भेनम खोप उत्पादनका लागि मधेश प्रदेश सरकारले सम्भाव्यता अध्ययन सुरु गरेको छ । यसका लागि प्रादेशिक प्रयोगशालाले विज्ञहरूसँग परामर्शलगायत काम गरिरहेको छ । गर्मीसँगै पानी पर्न थालेपछि अन्य जीवहरूजस्तै सर्प पनि आहाराको खोजीमा बाहिर निस्कने र सर्वसाधारणलाई डस्ने गर्छ । मधेश प्रदेश सर्पदंशको उच्च जोखिममा रहेको मानिन्छ । यहाँ किङ कोब्रा, गोमन, करेत, साखडजस्ता विषालु प्रजातिका सर्प पाइन्छन् । स्वदेशमै खोप उत्पादन गर्न सके देशैभर सहज आपूर्ति त हुन्छ नै निर्यात गरेर पनि विदेशी मुद्रा भित्र्याउन सकिन्छ । हाल नेपालले भारतको भिन्स् बायो प्रोडक्ट लिमिटेडबाट वार्षिक ५ करोड रुपैयाँसम्मको ४० हजारदेखि ५० हजार भायल 'एन्टी स्नेक भेनम' आयात गर्दै आएको छ । विषालु सर्पले डसेको एक जना बिरामीलाई औसतमा १५ देखि २० भायल एन्टी भेनम चाहिन्छ । एन्टी भेनम उत्पादन गर्ने उद्योग स्थापना गर्न करीब १० अर्ब रुपैयाँ जति चाहिन्छ । औषधि विज्ञानका विज्ञ, जनस्वास्थ्य विज्ञ, भेटेरिनरी डाक्टर, फर्माकोलोजिष्ट र प्लान्ट डिजाइनका लागि इन्जिनियरहरूसहित सवा सय जति जनशक्ति चाहिन्छ । शुरुआती चरणमा दुईसय जति घोडा र १७ प्रजातिका सर्प पाल्नुपर्छ । उद्योगमा विद्युत् र स्वच्छ पानी चौबीसै घण्टा उपलब्ध हुनुपर्छ । औषधि उत्पादन गर्न ५ देखि १० वर्ष लाग्छ । नेपालमा पाइने ८९ थरीका सर्पमध्ये करेत, गोमन, हरेउसहित १७ प्रजातिका सर्प विषालु छन् । पहाडी क्षेत्रमा हरेउ तथा तराईमा करेत र गोमन सर्प पाइन्छ । नेपालमा वार्षिक करीब १५ हजार जनालाई विषालु सर्पले डस्ने गरेको छ । तीमध्ये १० हजार बिरामी उपचारका लागि स्वास्थ्य संस्थामा जाने गरेको अनुमान छ । सरकारले मुलुकभरका ८१ उपचार केन्द्रबाट निःशुल्क 'एन्टी स्नेक भेनम' दिने व्यवस्था मिलाएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) को अनुमानमा, विषालु सर्पले टोकेकामध्ये वर्षेनि दुईसय जनाको ज्यान जाने गरेको छ ।

**यसरी बन्छ भेनम**

विषालु सर्पको विष रक्तस्राव गराउने र स्नायु प्रणालीलाई असर पु¥याउने गरी दुई खालका हुन्छन् । एन्टी भेनम उत्पादन गर्न यी दुवै खाले सर्पलाई फार्ममा पाल्नुपर्छ । सर्प, घोडा र खरायो वा मुसा पनि पाल्नुपर्छ । एन्टी स्नेक भेनमले सर्पले डसेको उपचार गरिन्छ । सर्पले डसेको उपचारका लागि प्रयोग हुने खोप एन्टी स्नेक भेनम सर्पकै विषबाट तयार पारिन्छ । एन्टी स्नेक भेनम बनाउनुअघि घोडालाई सर्पबाट निकालेको विष सुईमार्फत दिएपछि एन्टीबडी (प्रतिरक्षात्मक) पदार्थ बनाउँछ । घोडाले सर्पको विषलाई सजिलैसँग आफ्नो शरीरमा एडजस्ट गर्छ । त्यसरी घोडामा सारिएको सर्पको विषले घोडाको रगतमा एन्टी स्नेक भेनमको प्रारम्भिक चरणको विकास गर्छ ।

भेनम विकसित भएपछि घोडाबाट एन्टीबडीयुक्त रगत निकालेर विशेष प्रक्रियाद्वारा प्रशोधन गरिन्छ । त्यसपछि घोडाबाट तानेको रगतबाट प्लाज्मा निकालिन्छ । त्यसैलाई औषधि बनाउन उपयोग गरिन्छ । औषधिलाई मानिसमा प्रयोग गर्नुअघि सुईमार्फत मुसा वा खरायोमा परीक्षण गरिन्छ । यसरी प्रशोधन गरिएको रगतबाट औषधि निर्माताहरूले एन्टी स्नेक भेनम तयार गर्छन् । एन्टी स्नेक भेनम प्राय इन्जेक्सनका रूपमा प्रयोग गरिन्छ ।

# पाठ्यक्रममा ट्राफिकसम्बन्धी विषय समावेश गर्नुपर्छः मुख्यमन्त्री




**मधेशदृष्टि**
**धनुषा ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रत्येक विद्यालयको पाठ्यक्रममा ट्राफिकसम्बन्धी विषय समावेश गर्नुपर्ने बताएका छन् । जनकपुरधाममा मधेश प्रदेश गृह, सञ्चार तथा कानुन मन्त्रालयको आयोजनामा बिहीबार आयोजना गरिएको ट्राफिक जनचेतनामूलक कार्यक्रममा उनले विद्यालयको पाठ्यक्रममा ट्राफिकसम्बन्धी विषय राखेपछि सडक दुर्घटनामा कमि आउने बताए । आजका बालबालिका भोलिका भविष्य भएकाले बालबालिकाकै विशेष सहभागितामा कार्यक्रम सञ्चालन भएकाले यसले समाजमा ठूलो परिवर्तन ल्याउने उनले विश्वास व्यक्त गरे ।

मुख्यमन्त्री सिंहले बढ्दै गरेको सडक दुर्घटना नियन्त्रणका लागि विद्यार्थीले यसलाई सचेतनाका रुपमा लिनुपर्छ र यसले भविष्यमा दुर्घटना न्यूनीकरण गर्ने बताए । ट्राफिक नियम पालना गराउनका लागि उनले आग्रह गरे ।

चालकले सवारी सधानको अवस्थाका बारेमा पूर्व जानकारी राख्नुपर्ने मुख्यमन्त्री सिंहको भनाइ थियो । कार्यक्रममा प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री विमला अन्सारी, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री युवराज भट्टराई, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहलगायतको उपस्थिति थियो ।

# लोकसेवा तयारी केन्द्रमा आगलागी ७० लाख रुपैयाँ बढीको क्षति



**मधेशदृष्टि**
**वीरगंज ।**
बुधबार राती करिब १२ बजे विद्युत सर्ट भएर वीरगंजस्थित शंकल्प लोकसेवा तयारी केन्द्र र मधेश लोक सेवा तयारी केन्द्रमा आगलागी भएको छ ।

वीरगंज महानगरपालिका वडा नम्बर ८ मा रहेको शंकल्प लोकसेवा केन्द्रमा भएको आगलागीले करिब ६० लाख बढीको क्षति पुगेको सञ्चालक अशोक साहले बताए । कार्यालय तथा कक्षा कोठा किताब, टेक्स बेन्चतलगायत फर्निचरका समानहरु जलेर नष्ट भएको साहले बताए ।

शंकल्पबाट सल्केको आगो नजिकै रहेको मधेश लोकसेवा तयारी केन्द्रमा पनि क्षति पुगाएको छ । मधेश लोकसेवा केन्द्रमा करिब १३ लाख बराबरको सामानहरु जलेर नष्ट भएको छ ।

शंकल्प लोकसेवा तयारी केन्द्रबाट विद्युत सर्ट भई आगलागी भएको देखिए पनि घटना शंकास्पद रहेको सञ्चालक साहले बताए । उनले घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको बताए । ठूलै आगलागी भएर सामग्रीहरु जलेर नष्ट भएपनि केही कक्षा सञ्चालन गर्न समस्या हुने सञ्चालक साहले बताए । अर्को सूचना जारी नभएसम्मका लागि लोकसेवाको सम्पूण कक्षा सञ्चालन स्थगित गरिएको केन्द्रले जनाएको छ ।

# मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपालको विस्तारित बैठक वीरगंजमा

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा माओवादी केन्द्रका उपमहासचिव एवं मधेशी राष्ट्रिय मुक्ति मोर्चका संयोजक मातृका यादवले मधेशको समृद्धि र सुशानका लागि मधेशी मोर्चाको आवश्यकता बढेर गएको बताएका छन् । मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपालको विस्तारित बैठकबारे जानकारी दिन बिहीबार वीरगंजमा आयोजित पत्रकार सम्मेलनमा यादवले यस्तो बताएका हुन् । संविधानमा उल्लेखित अधिकारको पूर्ण कार्यान्वयन र बाँकी अधिकारको लागि जनपरिचालन, मधेशको समृद्धिको लागि सुशासन, स्वायत्तता र विकास निर्माणमा हस्तक्षेपकारी भूमिका लागि मोर्चाको प्रतिबद्धता आवश्यक रहेको उनले बताए ।

मोर्चाका संयोजक यादवले (आज) शुक्रबार र शनिबार वीरगंजमा मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपालको विस्तारित बैठक हुने र विस्तारित बैठकमा तराई मधेशका विभिन्न जिल्लाहरुबाट सयौंको संख्यामा प्रतिनिधिहरुको सहभागी हुने जानकारी दिए । मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपालको आयोजना र प्रेस सेन्टर नेपाल पर्साको संयोजनमा गरिएको पत्रकार सम्मेलनमा उपमहासचिव यादवले




वीरगंजमा हुन गइरहेको विस्तारित बैठकले कोमामा गएको मधेशी मोर्चालाई नयाँ उर्जा थप्ने बताए । वर्तमान अवस्थामा मधेशी राष्ट्रिय मुक्ति मोर्चाको आवश्यकता बढ्दै गइरहेका बेला मोर्चा कोमामा गएको टिप्पणी गर्दै उपमहासचिव यादवले मोर्चाको विस्तारित बैठकपछि नयाँ उर्जा प्राप्त गर्ने विश्वास व्यक्त गरे ।

मधेशी मोर्चाको इतिहासबारे गम्भीर समिक्षा गरेर भविष्यको दिशा निर्माण गर्नुपर्ने उनले बताए । उनले भने, 'क ।माओको निर्देशन अनुसार मालेमावादलाई मधेशको धरातलमा आफ्नो मौलिकता अनुसार कसरी प्रयोग गर्ने भन्ने बारेमा हामी इमान्दार बन्नु परेको छ । मधेश आन्दोलन र मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपालको इतिहासको गम्भीरता पूर्वक निर्मम समिक्षा र वर्तमानमा टेकेर भविष्यको दिशा निर्माण गर्नु परेको छ ।' जनयुद्धमा करिब १४ सय मधेशीले आफ्नो ज्यान गुमाएको उल्लेख गर्दै उपमहासचिव यादवले सबैभन्दा उत्पीडित तथा उपेक्षित मधेश र मधेशी भएकोले समानुपातिक समावेशी प्रतिनिधित्व तथा धर्मनिरपेक्षतासहितको संघीय लोकतान्त्रिक गणतन्त्र मधेशको लागि अपरिहार्य भएको बताए । मोर्चालाई पुनर्जीवन प्रदान गरी सबै प्रकारको गलत पक्तिका बिरुद्ध जनतासँग हातेमालो गर्दै अधिकार सम्पन्न तथा समृद्ध मधेशको निर्माणमा सबैसँग हातेमालो गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

# सरकारसँगको सहकार्य हाम्रा कारणले टुट्दैनः नेपाल



**मधेशदृष्टि**
**महोत्तरी ।**
नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मुलुकको विकास र जनचाहना सम्बोधनका लागि आफ्नो दलले सरकारसँग सहकार्य गरेको बताएका छन् । महोत्तरीको बर्दिबासमा समाजवादी प्रेस सङ्गठन नेपालद्वारा बिहीबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले निश्चित उद्देश्य प्राप्तिका लागि गरिएको सहकार्यले निरन्तरता पाउने उल्लेख गरे ।

'जनताका आवश्यकता पूरा गर्न र समृद्धिको यात्रा अघि बढाउने उद्देश्यकासाथ सरकारसँग सहकार्य गरिएको हो', अध्यक्ष नेपालले भने, 'सरकारसँगको सहकार्य हाम्रा कारणले टुट्दैन ।'

यद्यपि सत्ता गठबन्धनमा सहभागी दलहरुबीच सघन संवाद भने हुन नसकेको उनको गुनासो थियो । 'सरकार सञ्चालन गर्न सत्ता गठबन्धन दलहरुबीच सरसल्लाह भइरहनुपर्छ, यो पर्याप्तरुपमा हुन सकेको छैन', अध्यक्ष नेपालले भने ।

गठबन्धन दलहरुबीचको सम्बन्ध जीवन्त राख्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'कै मुख्य पहलकदमी हुनपर्ने उनको सुझाव छ । पार्टीको महाधिवेशनको तयारीका सिलसिलामा विभिन्न जिल्लाको दौडाहामा रहेका अध्यक्ष नेपाल महोत्तरी आएका हुन् भने शुक्रबार जनकपुर पुग्ने कार्यक्रम रहेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन